नागरिकता विधेयकप्रति एमालेको आलोचना | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १२ • २०८० साल जेठ १ गते शुक्रबार (1 June, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# नागरिकता विधेयक प्रमाणीकरण

## नागरिकता विधेयक प्रमाणीकरण सराहनीय

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण भएकोमा तराई-मधेश केन्द्रित राजनीतिक दलहरूले स्वागत गरेका छन्।

राष्ट्रपतिले बुधबार नागरिकता विधेयक प्रमाणीकरण गरेकोमा स्वागत गर्दै ती दलले राष्ट्रपतिको सराहनीय कार्य रहेको भन्दै धन्यवाद पनि व्यक्त गरेका छन्।

सम्बन्धित दलले छुट्टाछुट्टै विज्ञप्ति निकालेर राष्ट्रपतिबाट भएको नागरिकता विधेयक प्रमाणीकरणको स्वागत जनाएका छन्।

राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएपछि सक्षिप्त प्रतिक्रिया दिँदै विभिन्न मधेश केन्द्रित दलका नेताहरूले नागरिकता विधेयक प्रमाणीकरणसँगै नागरिकतासम्बन्धी सबै समस्या समाधान हुने विश्वास व्यक्तसमेत गरेका छन्।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण हुनु स्वागत योग्य रहेको भन्दै यसले नागरिकताका लागि लड्नुपर्ने समस्या सदाका लागि हल हुने विश्वास व्यक्त गरे। उनले नागरिकता विधेयक प्रमाणीकरण गरेकोमा राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद ज्ञापन गरे।

अध्यक्ष यादवले नागरिकताका लागि लामो संघर्ष गर्नुपरेको भन्दै मधेशमा देखिएका नागरिकता सम्बन्धित समस्या समाधानका निम्ति सडकदेखि सदनसम्म संघर्ष गरेको उल्लेख गरे।

उनले भने-'संसद्बाट दुई/दुई पटक पास भएको विधेयक राष्ट्रपति कहाँ पुगेर अड्किएको थियो। अहिले राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गरेकाले अब नागरिकतासम्बन्धी सबै समस्या समाधान हुने विश्वास लिएको छु।'

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले राष्ट्रपतिबाट प्रमाणित भएको नागरिकता विधेयक स्वागतयोग्य काम भएको बताए।

उनले भने-' राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएको छ, यो सराहनीय कार्य हो। यो पहिल्यै हुनुपर्ने थियो, ढिलो भए पनि राम्रो भएको छ।' नेता महतोले संविधानले नै कल्पना गरेको विषय समयमा कार्यान्वयन हुँदा नागरिकताविहीनले धेरै समस्या भोग्नुपरेको उल्लेख गरे।

लोसपाका अर्का नेता राजकिशोर यादवले नागरिकता नपाएर पीडामा रहेका नागरिकले नागरिकता पाउनेगरी नागरिकता विधेयक प्रमाणीकरणले राम्रो काम भएको भन्दै नेपाल सरकार र राष्ट्रपतिलाई धन्यावाद ज्ञापन गरे।

"संविधानमा रहेको व्यवस्थाअनुरुप संसदबाट दुई-दुई पारित भएर गएको नागरिकता विधेयक अड्किएको थियो, अहिले राष्ट्रपतिले प्रमाणीकरण गरेर सराहनीय काम गर्नुभएको छ, यसले नागरिकतासम्बन्धी समस्या समाधान हुने विश्वास छ", नेता यादवले भने।

जनमता पार्टीका उपाध्यक्ष अब्दुल खानले राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण भएकोमा पार्टीले स्वागतसहित धन्यवाद दिएको बताए।

"सरकारले चालेको यो राम्रो कदमबाट अनागरिकले नागरिकता पाउने भएका छन्। संविधानप्रदत्त धकिारको कार्यान्वयन भएको छ। ढिलै भए पनि हामी खुशी छौँ", उनले भने।

## जन्मसिद्धका सन्तानले नागरिकता पाउने

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिकता सम्बन्धी विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेसँगै जन्मसिद्धका सन्तानलाई नेपाली नागरिकता प्राप्तिको मार्ग प्रशस्त भएको छ।

राष्ट्रपति पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेका छन्।।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत बमोजिम विधेयक प्रमाणीकरण गरेको प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ।

हालसम्म उक्त विधेयक ऐन बन्नका लागि प्रमाणीकरण नभएकाले विभिन्न अवस्था र स्थितिसमेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको जेठ १२ गतेको निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मन्त्रिपरिषद्को कार्यालयको पत्रबाट लेखी आएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

राष्ट्रपति पौडेले अलपत्र छाडिएको विधेयक प्रमाणीकरण गरेसँगै तराई/मधेशमा खुशियाली छाएको छ।जन्मसिद्ध नागरिकहरुका सन्तानले नागरिकता नपाउदा उनीहरुको अध्ययनलगायतका गम्भीर समस्याहरु उत्पन्न भएको थियो।

पिता नेपाली नागरिक भए पनि सन्तान अनागरिक रहेका थिए। तर अब उनीहरुका सन्तानले वंशज नागरिकता पाउने छन्।प्रमाणीकरण भएपछि सरकारले त्यसको जनाउ जिल्ला प्रशासन कार्यालयमा दिए लगतै नागरिकता बितरणको प्रक्रिया थालिनेछ।

वैवाहिक अंगीकृत नागरिकताको प्रावधान पूर्ववत नै राखिएको छ। एमालेले वैवाहिक अंगीकृत नागरिकता प्राप्तिका लागि ७ वर्ष कुर्नुपर्ने प्रावधान राख्नुपर्ने पक्षमा थिए। वैवाहिक अंगीकृत नागरिकतामा रोक नलगाइए पनि तराई/मधेशमा भारतीय

- २०७२ सालको संविधान जारी हुनु अगावै जन्मका आधारमा जन्मसिद्ध नागरिकता पाएकाहरुका सन्तानले वंशज नागरिकता पाउने छन्।
- वैवाहिक अंगीकृत नागरिकतालाई हालकै अवस्थामा निरन्तरता दिएको छ।
- गैरआवासीय नेपालीलाई राजनीतिक र प्रशासनिक बाहेकका अधिकार प्रयोग गर्न पाउने गरी नागरिकता प्रदान गरिनेछ।
- नेपाली आमाबाट नेपालमा जन्म भएर यहीं बसोबास गरेका, तर बाबुको पहिचान नभएका व्यक्तिलाई आमाको नामबाट वंशज नागरिकता दिइनेछ।

चेलीहरुको बिहा रोकिए जस्तै थियो। ७ वर्षसम्म नागरिकता नै नपाउने भएपछि भारतीय नागरिकले चेलीको बिहा नेपालमा नगर्ने पक्षमा देखिए।

नागरिकता विधेयक प्रमाणीकरणले गैर आवासीय नेपाली नागरिक( एनआरएन)ले पनि नागरिकताको सुविधा पाएका छन्। उनीहरुले मतदान र प्रशासनिक बाहेकका अधिकारहरु प्राप्त गरेका छन्। एनआरएनले लामो समयदेखि सम्पत्ति खरिद सम्बन्धी लगायतका अधिकारहरुको माग गर्दै आएका थिए।अब एनआरएनहरुले नेपाली नागरिक सरह नै सम्पत्ति खरिद बिक्री गर्न पाउने छन्।

गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुबै सदनबाट पारित भएको थियो।

प्रतिनिधिसभाका तत्कालीन सभामुखबाट साउन १५ गते प्रमाणित गरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डार ीसमक्ष प्रमाणीकरणका लागि पेश भएको थियो। केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि संघीय संसदमा फिर्ता पठाइएकोमा ध्यानाकर्षण गराइएका विषयमा संघीय संसदका दुबै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइएको थियो।

दोस्रो पटक पनि प्रमाणीकरण नगरी भण्डारीले विधेयकलाई अलपत्र छाडेकी थिइन्। उक्त विधेयकको एमालेले विरोध गरेपछि राष्ट्रपति भण्डारीले प्रमाणीकरण गर्न अस्वीकार गरेकी थिइन्।

नागरिकता सम्बन्धी विधेयकलाई पूर्व राष्ट्रपति भण्डारीले अस्वीकार गरेपछि उनको विरोधमा तराई/मधेशमा केही दिन संघर्ष नै चलेको थियो। त्यसमा मधेश केन्द्रित दलहरुका साथै अन्य दलका मधेशीहरु पनि सहभागिता जनाएका थिए।

नागरिकता विधेयक प्रमाणीकरणका लागि सरकारले निर्णय गरेपछि राष्ट्रपति पौडेलले विभिन्न क्षेत्रका विज्ञहरुसित सल्लाह गरेका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'भारत भ्रमणका रहेका बेला नागरिकता सम्बन्धी विधेयक प्रमाणीकरण भएको छ। यसले नेपाल र भारतबीचको सम्बन्ध थप प्रगाढ हुनेछ।

राष्ट्रपतिको निर्णयलाई तराई/मधेशका दलहरु, राजनीतिकर्मी, विभिन्न संघसंस्थाहरुले स्वागत गर्दै राष्ट्रपतिलाई धन्यवाद दिएका छन्।

तर राजधानी काठमाण्डुलगायतका केही स्थानहरुमा एमाले निकट विद्यार्थी संगठनहरुले प्रमाणीकरणको बिरोध गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले पनि राष्ट्रपतिको कदमको आलोचना गरेका छन्।






# प्रभु अस्पतालमा दन्त उपचार सेवा शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको पानीटंकीमा रहेको प्रभु अस्पतालमा दन्त उपचार सेवा पनि शुरु भएको छ।



प्रभु अस्पतालमा स्थापना गरिएको दाँत क्लिनिकको बुधबार उद्घाटन गरिएको छ।

दाँत क्लिनिकको दन्तरोग विशेषज्ञ डाक्टर मनोज उपाध्यायले उद्घाटन गरेका छन्।

डा.ज्योती गुप्ताले दाँत उपाचारको सेवा दिने प्रभु अस्पतालका संचालक डा. मनोज गुप्ताले जानकारी दिए।

उद्घाटन कार्यक्रममा प्रभु अस्पतालका वरिष्ठ सर्जन डा. मनोज कुमार गुप्ता, प्रसुती तथा स्त्री रोग विशेषज्ञ डाक्टर लक्ष्मी थापा गुप्ता, वीरगञ्ज- ८ का वडा सदस्य गफार मिया, दिलीप राज कार्की,अस्पतालका नर्स र कर्मचारीहरुको उपस्थिति रहेको थियो।

अस्पतालमा स्थापना गरिएको दाँत उपचार केन्द्रमा दाँत सम्बन्धी सम्पूर्ण उपचार सेवा उपलब्ध हुने दन्तरोग विशेषज्ञ डा. ज्योति गुप्ताले वताइन।

त्यस्तै,२०८० जेष्ठ भरी निःशुल्क दन्त परिक्षण र अन्य दन्त चेक जाचमा १५ % छुट हुने जानकारी उनले गराइन।

# ढुङ्गागिटी र बालुवा निकासी नीतिप्रति शान्ति समाजको असन्तुष्टि

काठमाण्डु । ढुङ्गागिटी र बालुवा निकासीका लागि सरकारले अवलम्बन गर्न लागेको नीतिको मानव अधिकार तथा शान्ति समाजले असन्तुष्टि जनाएको छ।

चुरेको अत्याधिक दोहन गरेर ढुङ्गा, गिट्टी, बालुवा निकाल्नु भनेको तराईलाई मरुभूमिकरणतर्फ धकेल्नु हो भन्ने धारणा शान्ति समाजले व्यक्त गर्दै आएको छ।

ढुङ्गा गिटी निकासीको योजना पर्यावरणीय सन्तुलनका हिसाबले झनै आपत्तिजनक भएको भन्दै त्यस्तो नीति खारेज गर्न शान्ति समाजले सरकारलाई आग्रह गरेको महासचिव रेनुका पौडेलले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

लोकतान्त्रिक गणतन्त्रको मूल्यअनुरूप आचरण गर्न आह्वानसहित मानव अधिकार शान्ति समाजले २२ जिल्लामा दीप प्रज्वलन, चियापानलगायत कार्यक्रम गरी सोर्ह्रौं गणतन्त्र दिवस मनाएको छ।

'नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाही गर', तीन तहको सरकार : सुशासन, पारदर्शीता र जवाफदेहिता सुनिश्चित गर' भन्दै शान्ति समाजका चितवन, काठमाडौं, नवलपुर, कास्की, मोरङ, दाङ, बागलुङ, कैलाली, पाल्पा, महोत्तरी, रुपन्देही, नुवाकोट, सुर्खेत, पर्सा, झापा, अछाम, सुनसरी, तेह्रथुम, सङ्खुवासभा, बाँके, गुल्मी र इलाम जिल्ला शाखाद्वारा कार्यक्रम गरिएको विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ। रासस

# झण्डासहितको टावर लाइट

**टुडे समाचारदाता**

गौर । गौरको बैरगनिया सडक खण्ड अन्तर्गत नेपाल भारत सीमा क्षेत्रमा राष्ट्रिय झण्डासहितको जडान गरिएको टावर लाइटले गौरको पहिचान दिने गरेको छ।



नेपाल र भारतको सिमाना नजिक नेपाल प्रवेशद्वारमा गौर नगरपालिकाले लगाएको गौतम बुद्धको प्रतिमासहित नेपालको राष्ट्रिय झण्डाले नेपालको राष्ट्रिय प्रतिकको झलक देखाइ रहेको छ।

भारतबाट नेपाल आउने नागरिकलाई गौरमा प्रवेश गरेको संकेत गर्ने गरेको गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले बताएका छन्।

राष्ट्रिय झण्डा सहितको टावर लाइटले सीमा क्षेत्रमा प्रकाश दिनुको साथै नेपालको सीमा शुरू भएको संकेत दिने गरेको नगरप्रमुख साहले बताए। टावर लाइटमा डिजिटल बोर्ड लगाइएको छ जसले भारतबाट आउनेलाई नेपालमा स्वागत छ भने देखाउने गरेको छ।

नेपालबाट भारत फर्किने यात्रु सर्वसाधारणलाई धन्यबाद नेपाल भ्रमणको लागि भने लेखिने , दिउँसोको तापक्रम,समयसमेत देखाउने गरेको छ।

प्रजातन्त्रको आन्दोलनको मुख्य प्रवेश नाकाको रुपमा रहेको गौर बैरगनिया सीमा क्षेत्रमा निर्माण गरिएको भव्य क्रान्तिद्वार रहेको छ।

भन्सार कार्यालय र सशस्त्र प्रहरी बेश कैम्पसमेत रहेको सो ठाउमा राति उज्यालो रहने भएकोले सर्वसाधारणलाई आवागमनमा सहजता हुने गरेको मेयर साहले बताए।

# निःशुल्क आँखा शिविर

**टुडे समाचारदाता**

राजविराज । निःशुल्क स्वास्थ्य शिविरमा जचाउन आएका आँखाका २ सय २५ बिरामी मध्ये ७० जनामा मोतिया विन्दु रोगको समस्या देखिएको छ।

धर्मीहल्फा महिला विकास क्लब सप्तरीको आयोजना, सिविएम नामक संस्थाको समन्वय तथा नेपाल नेत्र ज्योति संघ, सगरमाथा चौधरी आँखा अस्पताल लहानको प्राविधिक सहयोगमा बुधबार सप्तरीको छिन्नमस्ता गाउँपालिकामा आयोजना गरीएको एक दिने निःशुल्क आँखा तथा कान जाँच उपचार शिविरमा जचाउन आएका आँखाका २ सय २५ बिरामी मध्ये ७० जनामा मोतिया विन्दुको समस्या देखिएको छ।

यस अघि जिल्लाको विभिन्न पालिकामा एक दिने निःशुल्क आँखा स्वास्थ्य उपचार शिविर चलाइएकोमा पहिलो पल्ट यति ठूलो संख्यामा मोतिया विन्दुका बिरामी फेला परेको शिविरमा चिकित्सक टोलीको नेतृत्व गरेका चौधरी आँखा अस्पतालमा नेत्र रोग विशेषज्ञ



डा.राजकुमार यादवले बताए।

शिविरमा उनका साथै रेणु बमजम, संजय कुमार कर्ण, विरेन्द्र कुमार साह, रेणु यादव, निक्की यादव, हिरालाल दास, अजय तामाङ्गलगायत आठ सदस्यीय स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य सेवा प्रदान गरेका छन्।

शिविरमा सीमावर्ती भारतीय बजारबाटसमेत उल्लेख्य संख्यामा आँखा र कानका बिरामी जचाउन आएको आयोजक संस्थाका अध्यक्ष इन्जिनीयर सूर्यनारायण यादवले बताए।

शिविरमा परीक्षणको क्रममा मोतिया विन्दु पुष्टि भएका ७० जनालाई लहान स्थित चौधरी आँखा अस्पालमा लगि निःशुल्क उपचार र शल्यक्रिया गरिने तयारी गरिएको अध्यक्ष यादवले जानकारी दिए।

रोग लागेर आर्थिक अभावका कारण उपचार गर्न न सकेका गरीब विपन्न परिवारलाई लक्षित गरी शिविरको आयोजना गरीएको र यो क्रमलाई भविष्यमा पनि निरन्तरता दिने योजना रहेको अध्यक्ष यादवले बताए।

**दुई पत्रकार सम्मानित**

सामाजिक गतिविधिमा अग्रसर धर्मीहल्फा महिला विकास क्लबले पत्रकारिताको माध्यमले समाजमा विशिष्ट योगदान पुऱ्याए वापत पत्रकार मनोज कुमार माझी र वृजमान तामाङ्गलाईसम्मान गरेको छ।

माझी नेपाल पत्रकार महासंघको राष्ट्रिय परिषद् सदस्य तथा तमाङ्ग नेपाल आदिवासी जनजाति पत्रकार महासंघ मधेश प्रदेशका महासचिव रहेका छन्।

# सिटिजन्स बैंकको १८३ औं शाखा संचालनमा



**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो १८३ औं शाखा काठमाण्डुको काँडाघारीमा संचालनमा ल्याएको छ।

बुधबार उक्त शाखा कार्यालयमा पूजापाठ गरी बैंकिङ्ग कारोवारको सुरुवात गरिएको बैंकले जानकारी दिएको छ।

यो संगै काठमाण्डु उपत्यका भित्र सिटिजन्स बैंकको ३६ शाखा संचालनमा आएको बैंकको भनाइ छ।

सुविधा सम्पन्न यस शाखाहरुमार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पूरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरेट व्यवसायीहरुमाझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य बैंकले राखेको छ।

सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, लकर सेवा, ए.टि.एम.सेवा, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जालगायतका वित्तीय सेवाहरु छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा ग्राहकहरुलाई प्रदान गर्ने प्रतिबद्धता बैंकले जनाएको छ।

साथै आधुनिक बैंकिंङ्ग प्रणालिलाई सधै प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंकले यस अघि नै कियोस्क, ई.के.वाई.सी. तथा नागरिक एपमार्फत अनलाइन खाता खोल्न सक्ने जस्ता सुविधाको सुरुवात गरिसकेको छ।

यस बैंकका ग्राहकहरुको बैंक सम्बन्धी जिज्ञासा तथा समस्याहरुको छिटो भन्दा छिटो समाधान प्राप्त होस् भन्ने उद्देश्यले ग्राहक साहायता केन्दसमेत स्थापना गरिसकेको छ।

जसबाट बैंकका ग्राहक सेवा प्रतिनिधिहरुसँग सम्पर्क गरी आफ्ना बैंकिङ्ग सम्बन्धी जिज्ञासा तथा समस्याहरुको समाधान शाखामा उपस्थित नभइकन फोन गरी तथा इमेल गरी प्राप्त गर्न सकिने बैंकले जानकारी दिएको छ।

बैंकले देशैभरी फैलिएका आफ्ना १ सय ८३ वटा शाखा, तीन वटा विस्तारित काउण्टर, १ सय ४० वटा ए.टि.एम., ६ वटा कियोस्क सेवा र ९७ वटा शाखारहित बैंकिङ्ग इकाईहरुबाट करीब १५ लाख ७२ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# विद्यालयमा दन्त शिविर



**रञ्जन यादव**

कलैया । विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत जीतपुरसिमरा उपमहानगरपालिकाले सिमरा स्थित ने.रा. नमुना मा.बि.सिमरामा निःशुल्क दन्त शिविर सम्पन्न भएको छ।

विद्यालयमा अध्ययनरत नर्सरीदेखि कक्षा १० सम्मका ३ सय ९७ जना विद्यार्थीहरुको मुख तथा दाँत सम्बन्धी रोगको चेकजाँच गरिएको उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख रवि भाष्करले जानकारी दिए।

चेकजाँच गराएका मध्ये १ सय १६ जना विद्यार्थीमा मुख तथा दाँत सम्बन्धी समस्या देखिएको थियो।

जसमध्ये १५ जनाको दाँत उखेलिएको छ। बाँकी २ सय ८१ जनालाई समस्या अनुसारको औषधि तथा सल्लाह सुझाव दिएको सिनियर अहेब अधिकृत जितन ठाकुरले बताए।

शिविरमा मुख तथा दन्त रोगका चिकित्सक डा.असद हुसेन सहितको पाँच जनाको प्राविधिक टोलीले सेवा प्रदान गरेको थियो।

# 'नागरिकता विधेयक प्रमाणीकरणले संसद्को सर्वोच्चता कायम भयो'

जनकपुरधाम । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नागरिकता विधेयक प्रमाणीकरण भएपछि सबैभन्दा बढी लाभान्वित हुने मधेस प्रदेशका शीर्ष नेताले संसदीय लोकतन्त्रको मान्यता र संविधानअनुसार संसद्को सर्वोच्चता कायम भएको प्रतिक्रिया दिनुभएको छ।

नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले विधेयक प्रमाणीकरणको स्वागत गर्दै बुबा र आमा दुवै जना नेपाली नागरिक भएर पनि सन्तानले वर्षौंदेखि नागरिकता नपाएको समस्या समाधान भएको बताउनुभयो। उहाँले संसद्ले बनाएको कानुन प्रमाणीकरण नहुँदा अड्किरहेको अवस्थामा राष्ट्रपतिले प्रमाणीकरण गरेर ऐतिहासिक काम र संसदीय सर्वोच्चताको रक्षा गरेको बताउनुभयो।

"संसद्बाट दुई/दुई पटक पारित भएको विधेयक प्रमाणीकरण गर्नैपर्ने काम थियो तर अहिलेसम्म अड्काएर राखियो। राष्ट्रपतिले मन्त्रिपरिषद्को निर्णयअनुसार संविधानसम्मत काम गर्नुभएको छ। यो खुसीको विषय हो। हामी खुसियाली बनाउँछौं", उहाँले राससर्सँग भन्नुभयो।

त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले कुनै पनि नागरिक नागरिकताविहीन हुनुहुँदैन भन्ने संविधानको भावना र प्रावधानलाई राष्ट्रपतिले रक्षा गरेको प्रतिक्रिया दिनुभयो। उहाँले नागरिकताविहीन जनता र आफ्नो पार्टीले वर्षौंदेखि उठाइरहेको आवाज सम्बोधन गरेकामा राष्ट्रपतिलाई विशेष धन्यवाद दिनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरले संविधानले दिएको अधिकार कानुनको अभावमा वर्षौंदेखि कुण्ठित रहेकामा राष्ट्रपतिले त्यसको सुनुवाइ गरेको बताउनुभयो।

"संविधानले नागरिकता दिने भने पनि कानुनको अभावमा वर्षौंदेखि लाखौं नागरिकले नागरिकता पाउन सकेनन्। जसका कारण नागरिकताविहीनहरूले अध्ययन, रोजगार, उद्यमशीलता, सम्पत्ति बुधबार्नलगायत हरेक क्षेत्रमा अवरोध सामना गर्नुपऱ्यो", ठाकुरले भन्नुभयो, "हाम्रो पार्टीले पनि नागरिकता समस्या समाधानका लागि विगतदेखि नै दबाब दिँदै आएको थियो। ढिलो गरी भए पनि यो प्रमाणीकरण भएको छ। यसलाई राजनीतिक विषय नबनाएर सबैले स्वागत गर्नुपर्छ।"

राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार मात्रै नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गर्नुभएको थियो। रासस


## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०१/२२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : निषा कुमारी**
**सिम्बोल नं.: २१७०३९३१**
**रजिष्ट्रेशन नं.:७७१७१७२९५**
**ठेगाना:जि.म.बस्नेहा-२, सप्सी-४**
**मो.नं.९८२७८३२३०९**

## घर भाडामा

**जनकपुरधामको मुख्य बजार जनक चोकमा रहेको राजमहल लज भएको भवनमा पहिलो तल्ला डिपार्टमेन्ट स्टोर, अफिस, बैंक, वित्तिय संस्था लगायत प्रयोजनका लागि अत्यन्त आकर्षक भवन (साढे ११ सय स्क्वायरफिट) भाडाका लागि खाली रहेको छ।इच्छुक व्यक्ति, संघसंस्थाहरुले तुरुन्त सम्पर्क गर्नु होला।**

रामकिशोर साह
सम्पर्क नं. ९८५४०२६६२३

## तपाईंको आज
पण्डित : ब्रम जी

मेष : शिक्षामा उन्नति।
बृष : नयाँ कार्य हुने।
मिथून : भ्रमण अवसर हुने।
कर्कट : धन बृद्धि सञ्चय।
सिंह : पारिवाहिक सुख।
कन्या : बौद्धिक क्षमता।
तुला : प्रतिभा सम्पन्नता।
बृश्चिक : सुख समृद्धि हुने।
धनु : प्रेम प्रसंग, मित्र सुख।
मकर : पुरस्कार प्राप्त लाभ।
कुम्भ : अवसर प्राप्त।
मीन : वाद विवादबाट बच्नु।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# सास र लासको प्रतीक्षामा आमा र बुवा

रञ्जन यादव



कलैया । जीतपुरसिमरा उपमहानगरपालिका -८ लोसन्डाका २६ वर्षीय प्रदीप कुशवाहा बेपत्ता भएको ४ बर्ष ५ महिना पुगिसकेको छ।

बुवा र आमाको आशु नझरेको दिन छैन्। गाउँकै साथीहरुसँगै होटलमा खाजा खाएर घर आएका छोरा घरमा पस्नै नपाउँदा आएको फोनमा कुरा गरेर निस्केका छोरा अहिलेसम्म घर फर्किएर आएका छैनन् ।विदेश जाने तरखरमा रहेका प्रदीपको गोजीमा ७५ हजार रुपैयाँ रहेको उनको आमा विद्यादवी कुशवाहाले बताइन्।

२०७५ साल पुस १६ गते गाउँकै रधही सहनीले आफ्नो छोरा प्रदीपलाई वेपत्ता पारेको हुनसक्ने आमाको आशंका छ।

वेपत्ता भएको छोराको खोजी गर्न पुलिस प्रशासन ,नातागोता सबै चहारे कही फेला परेन् भनिरहँदा गहभरि आँशु थियो। प्रदीप मरे/बाँचेको औपचारिक खबर आएको छैन। उसको ९ वर्षीय छोरा र ७ वर्षीया छोरीले बाबा कति खेर आउनुहुन्छ भनि रहँदा आफूहरु निशब्द हुने गरेको बुवा अशोक कुशवाहाले बताए।

प्रदीपका छोराछोरी बुवा नआएको यति समय भयो कति खेर आउनुहुन्छ प्रश्न गर्दै भन्छन्,अब बुवा आएपछि कहिले बाहिर जान नदिनुहोला। हामी सम्झाउँदै उनीहरुलाई तिमीहरुको बुवा अब चाडै आउनुहुन्छ भन्छौ प्रदीपको बुवा आँसु झार्दै बताए।

प्रहरीले सास र लाशको विषयमा अहिलेसम्म प्रदीपको परिवारलाई केही भन्न सकेको छैन्। प्रदीप वेपत्ता भएको घट्नामा प्रहरीले उनीसँगै खाजा खान गएका स्थानीय तीन जनालाई पक्राउ गरेको थियो।

त्यो घट्नामा प्रहरीले ४० वर्षीय प्रदीप पासवान , ४२ वर्षीय पच्चु पासवान र ५२ वर्षीय रधही सहनीलाई प्रहरीले पक्राउ गरेको थियो।

प्रमाणको अभावमा प्रहरीले पक्राउ परेका तीनै जनालाई छोडेको थियो। प्रदीपको बुवा अमर कुशवाहाले प्रहरी नियन्त्रणमा रधही सहनीले मलाइ छुटाइ दिनुस तपाईको छोरालाई म ल्याइदिन्छु भन्नेपछि आफूले एसपीसंग अनुरोध गरेर छुटाएको बताए।

५२ वर्षीय रधही अहिले आफनो परिवारसँगै गाउँ छाडेर फरार छन्। छोराको खोजीमा नेपाल र भारतको कुना कुनामा आफू पुगेको बुवा अमर कुशवाहाले बताए।

छोराको खोजीमा सगुन ,भाकललगायतको थुप्रै कार्य गरेको उनले सुनाए। छोरा प्रदीपको खोजीमा जग्गा बेचेर करीब १६ लाख खर्च भइसकेको बुवा अमरले बताए।

प्रदीपको बुवा अमरले छोरा बाँचेको वा मरेको प्रमाणित नभइदिँदा आफूहरुको मन विचलित भइरहेको बताए।

# एक साताका लागि विद्यालय बन्द

टुडे समाचारदाता

वीरगञ्ज । अत्यधिक गर्मीको कारण वीरगंजका विद्यालय एक साताका लागि बन्द गरिएको छ।


अत्यधिक गर्मीको कारण बालबालिकाको पठन पाठन प्रभावित भएपछि वीरगञ्ज महानगरपालिकाले बुधबार एक सूचना जारी गर्दै जेठ १९ गतेदेखि २६ गतेसम्म एक साता वीरगञ्जका सम्पूर्ण विद्यालयहरू बन्द गर्ने निर्णय गरेको छ।

वीरगञ्ज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका अधिकृत हरि राउतले अत्यधिक गर्मी बढेपछि विद्यालय बन्द गर्ने निर्णय गरिएको जानकारी दिए।

विगत केही दिनदेखि अत्यधिक गर्मीका कारण बारा, पर्सासहित मध्य तराईको जनजीवन प्रभावित भएको छ।

बीरगञ्जमा बुधबार ४२ डिग्री सेल्सियससम्म पुगेको छ। गर्मी बढ्दै गएपछि दिउँसो हिडडुल गर्ने सर्वसाधारण, काम गर्ने मजदुर तथा कृषि कर्म गर्ने किसानहरू बढी प्रभावित भएका छन्। अत्यधिक गर्मीसँगै खानेपानीको धारा सुकेपछि वीरगञ्जसहित बारा, पर्साको ग्रामीण क्षेत्रमा खानेपानीको समस्यासमेत परेको छ।

अत्यधिक गर्मीको कारण पर्साका ग्रामीण क्षेत्रमा रहेका विद्यालयमा पंखाको सुविधासमेत नहुँदा विद्यार्थीको स्वास्थ्यमा असर पर्न थालेको छ। पछिल्लो समय बढेको गर्मीमा कक्षा कोठामा पंखा नहुँदा विद्यार्थीहरू बेहोस हुन् थालेका छन्।



पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ४ भतौडास्थित वनदेवी आधारभूत विद्यालयमा एक छात्रा अत्यधिक गर्मीकै कारण कक्षा कोठामा बेहोस भएकी छन्।

कक्षा ४ मा पढ्ने साबुन नेशा अत्यधिक गर्मीका कारण बिहान ९ बजे कक्षाकोठामै बेहोस भएको विद्यालयका प्रधानाध्यापक सुभाष प्रसाद दासले बताए। उनको अहिले वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ।

त्यसैगरी, मारवाडी सेवा ट्रस्ट वीरगञ्जले चर्को गर्मी बढेसँगै निःशुल्क सर्बत, आँप एवं फ्रुटी जुस वितरण गरेको छ।

वीरगञ्जको रानीसती मन्दिर मेनरोडमा आयोजित सो निःशुल्क सेवाबाट आउने जाने पर्यटकहरू, बटुवाहरू, रिक्सा ,गाडी एवं मोटरसाइकल चालकहरू एवं यात्रुहरू लगायत विभिन्न विद्यालय कलेजका विद्यार्थीहरू गरी करीब दुई हजारलाई सेवा प्रदान गरिएको ट्रस्टका महासचिव नरेन्द्र शाहले बताए।

सो अवसरमा मारवाडी सेवा ट्रस्टका अध्यक्ष बाबुलाल चाचान, उपाध्यक्ष मुर्ली रुङ्टा- विश्वनाथ गोयन्का- वीरेन्द्र सघाइ,महासचिव नरेन्द्र शाहलगायतको सहभागिता रहेको थियो।

यसैगरी,बढ्दो गर्मीलाई मध्यनजर गरी वीरगञ्जका विभिन्न स्थानमा चिसो पानी तथा सातु निःशुल्क वितरण कार्य भइरहेको छ।

ग्रिनसिटि सामुदायिक केन्द्र आदर्शनगरले गर्मीबाट प्रभावित १ हजार ३ सयभन्दा बढीलाई निःशुल्क सातु खुवाएको केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए।

# एक जना मृत फेला

टुडे समाचारदाता

जलेश्वर। महोत्तरीमा मन्दिरको प्रतीक्षालयमा एक वृद्ध मृत अवस्थामा फेला परेको छ।

बुधबार बिहान करीब साढे ९ बजेको समयमा जिल्लाको गौशाला नगरपालिका- १ रामनगर स्थितमा रहेको पूर्वेश्वर महादेव मन्दिरको प्रतीक्षालयमा भारतको उत्तर प्रदेश कानपुर देहातका ७० वर्षीय जरदान नाथ नाम गरेको व्यक्ति मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

गाउँ घरमा सर्प खेलाई हिड्ने व्यक्ति मृत अवस्थामा रहेको खबर प्राप्त भएपछि इलाका प्रहरी कार्यालय गौशाला महोत्तरीबाट खटेको प्रहरी टोलीले मुचुल्का गरी शवलाई पोष्टमाटमको लागि प्रादेशिक अस्पताल जलेश्वर महोत्तरीमा पठाइएको प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए।

# १० महिनामा लक्ष्यको ८६.६७ प्रतिशत मात्रै राजस्व असुली

टुडे समाचारदाता

जनकपुरधाम । आन्तरिक राजस्व कार्यालय जनकपुरधामले चालु आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व उठाउन चुनौती देखिएको छ।

कार्यालयका अनुसार चालु आर्थिक वर्ष ०७९/०८० को बैशाख महिनासम्ममा वार्षिक लक्ष्यको ८६ दशमलव ६७ प्रतिशत मात्र राजस्व संकलन भएको छ।

संघीय सरकारले आन्तरिक राजस्व कार्यालय जनकपुरलाई चालु आर्थिक वर्षमा ३ अर्ब ७० करोड ६८ लाख १० हजार रहेकोमा पछिल्लो १० महिनामा २ अर्ब ४९ करोड ४५ लाख ६९ हजार रुपैयाँ मात्र संकलन गरेको छ।

चालु आर्थिक वर्षमा राजस्वको लक्ष्य हासिल गर्न कठिन रहेको सो कार्यालयका प्रमुख कर अधिकृत किशोर बर्तौलाले बताए।

आन्तरिक राजस्व कार्यालय भित्र रहेका करदातालाई विभिन्न माध्यमबाट जानकारी गराए पनि कतिपयले राजस्व तिरे पनि कतिपयले बेवास्ता गरेको उनले बताए।

विश्व आर्थिक मन्दीका कारण व्यापार, उद्योग व्यवसायमासमेत असर परेकाले पनि राजस्व संकलन प्रभावित भएको उनको कथन थियो।

व्यापार,उद्योग धन्दा राम्रो तरिकाले चलेको भए राजस्व असुलीमा बढोत्तरी हुन्थे, उनले भने,' जनकपुरको मात्रै नकमी अधिकांश क्षेत्रमा राजस्व संकलनमा प्रभावित भएको देखिन्छ। यो सबै तिरको समस्या हो। हाम्रो मात्रै होइन।'

# सहकारीका संचालक चौधरी पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । कम तौल गरी मल बिक्री गर्ने एक सहकारीका संचालक पर्साको पर्सागढी नगरपालिका वडा नं. ८ हरपुरबाट पक्राउ परेका छन्।

इलेक्ट्रोनिक तराजुलाई नै कम तौल गरेर डिएपी मल बिक्री गरिरहेका बनहरबाबा कृषि सहकारी संस्था पर्सागढी नगरपालिका वडा नं. ५ का संचालक विनोद चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

स्थानीयहरुका अनुसार उनले बिक्री गरेको ३० किलो मल अरु तराजुमा तौल गर्दा २६ केजी मात्र भएको पाइएपछि मल लिन पुगेका कृषिकहरु हुहल्ला गर्दै इलाका




प्रहरी कार्यालय एकटांगालाई खबर गरेका थिए।

त्यसपछि इलाका प्रहरी कार्यालय एकटांगाबाट पुगेको प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो।

उनले प्रयोग गर्दै आएको इलेक्ट्रोनिक तराजुमा १० केजी तौल गर्दा १३ केजी र २० केजी तौल गर्दा २५ केजी देखाउने गरेको थियो।

स्थानीय कृषकहरु उनले प्रयोग गर्दै आएको तराजु पनि नियन्त्रणमा लिएर गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जलाई बुझाएका छन्। गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जले पक्राउ परेका चौधरी विरुद्ध मुद्दा चलाउने तयारी गरेको गरेको छ।

# मानव सेवा केन्द्र सञ्चालन गर्न आर्थिक जटिलता

राकेश यादव

गौर। रौतहटको गौरमा रहेको मानव सेवा केन्द्र सञ्चालन गर्न आर्थिक समस्या भएको छ।

विभिन्न व्यक्ति संघ सस्था ,निकायबाट सहयोगको अपेक्षासहित पीड़ा ,हिंसा तथा अलपत्रमा परेका महिला बालबालिका तथा जेष्ठ नागरिकको निःशुल्क रुपमा सेवा प्रदान गर्ने उद्देश्यले ०७६ साल स्थापना गरिएको मानव सेवा केन्द्रको सञ्चालन गर्न आर्थिक आभाव सिर्जना भएको संचालक समितिका अध्यक्ष किरण ठाकुरले बताएका छन्।

सबैको सहयोगमा सञ्चालन गर्ने लक्ष्य लिएर स्थापना गरी सञ्चालनमा ल्याएको मानव सेवा केन्द्र सञ्चालन गर्न आर्थिक समस्या उत्पन्न भएको उनले बताए।

जिल्ला प्रहरी कार्यालय र मातहतमा रहेका प्रहरी चौकी,इलाका प्रहरी कार्यालयलगायतबाट आउने पीडित महिला बालबालिका तथा जेष्ठ नागरिकलाई दैनिक रुपमा खाना खुवाउनेसमेत अप्ठ्यारो हुन लागेको दुखेसो




पोखेका छन्।

भौतिक पूर्वाधारमा राम्रोसमेत रहेका मानव सेवा केन्द्रलाई स्थानीय सरकार , प्रदेश सरकारबाट आर्थिक सहयोग हुनुपर्नेमा सो नभएको कारन समस्या उत्पन्न भइरहेको अध्यक्ष ठाकुरको कथन छ।

सामाजिक कार्यको लागि रहेको सामाजिक सस्थालाइ सञ्चालन गर्न सबै क्षेत्रका व्यक्तिहरुको सहयोग आवश्यकत रहेको जोड दिदै अध्यक्ष ठाकुरले रौतहटमा रहेका १८ स्थानीय तहबाट सहयोग गर्न अपिल गरे।

निःशुल्क रुपमा सेवा पवाह गर्ने सस्था रहेको हो सबैको सहयोग सहकार्य र समन्वयको आवश्यकता रहेको उनले भने,' गौर नगरपालिका वड़ा नम्बर २ महादेव पट्टीमा रहेको राम जानकी मन्दिरको जग्गा निर्माण भएको सेवा केन्द्रको दुइ तल्ले भवन रहेको छ।'

पीडितलाई सेवा गर्न एक जना महिला कर्मचारी रहेकोमा उनलाई पारिश्रमिक दिन सकिने अवस्था नरहेको दुःख व्यक्त गरे।

मानवीय सेवामा समर्पित रहेको मानव सेवा केन्द्रलाई आर्थिक रुपमा सवाल र सक्षम बनाउन इच्छुक व्यक्ति , दात्री निकाय संघ सस्था , सम्बन्धित मन्त्रालय , स्थानीय सरकारले बेला बेलामा आर्थिक सहयोग दिनुपर्ने जरुरी रहेको बताए।

# पोखरीमा डुबेर एकको मृत्यु

टुडे समाचारदाता

राजविराज । सप्तरीको पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ। सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ मा रहेको सार्वजनिक पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय धर्मेन्द्र पासवानका ११ वर्षीय छोरा सुभाष कुमार पासवान रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवम् प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए।

यता उक्त घटना घटेपछि स्थानीय प्रहरी चोकीको बर्साइनबाट खटिएको प्रहरी टोलीले घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# विद्यार्थी तथा किशोर किशोरीलाई प्रशिक्षण

टुडे समाचारदाता

वीरगञ्ज । बुधबार ३१ मे अन्तर्राष्ट्रिय धूम्रपानरहित दिवस वीरगञ्जमा विभिन्न कार्यक्रम गरी मनाइएको छ।

सो अवसरमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्र वीरगञ्जद्वारा विशेष गरी विद्यार्थी तथा किशोर किशोरीलाई धूम्रपान एवं सूर्तीजन्य पदार्थ सम्बन्धी सचेतनामूलक सचित्र प्रशिक्षण एवं विचार गोष्ठीको आयोजना गरिएको छ।



राजयोगिनी ब्रह्माकुमारी रविना दिदीको अध्यक्षता सम्पन्न कार्यक्रममा मधेश प्रदेशसभा सदस्य तथा पूर्व मुख्यमन्त्री लालबाबु राउतले उचित मार्गदर्शन देखा सिकी र सचेतनाको अभाव र गलत सङ्गतका कारण आजको ठूलो युवा जमात धूम्रपान लागूपदार्थ र कुलतको सिकार भएर जीवन नष्ट गरिरहेका बेला विश्वव्यापी ब्रह्माकुमारी संस्थाले विश्व भरी नै विभिन्न सचेतनामूलक कार्यक्रम र आध्यात्मिकताको माध्यमबाट समाजलाई कुलत दुर्व्यसन र विकृति विसङ्गतिबाट मुक्त गर्न चलाइरहेको अभियान अत्यन्तै सराहनीय रहेको बताए।

कार्यक्रममा भारतीय महावाणिज्यदूत नितेश कुमारले राजयोग ध्यान साधना र आध्यात्मिक ज्ञानको माध्यमबाट कुलतलाई हटाउन सकिने कुरामा जोड दिए। कार्यक्रममा ब्रह्माकुमार डा.सागरको ड्रग्स सम्बन्धी उत्प्रेरणामूलक प्रस्तुति रह्यो भने ब्रह्माकुमारी सबिता र तृप्तिद्वारा आध्यात्मिक र सचेतनामूलक चित्र प्रदर्शनी गरिएको थियो।

सशस्त्र प्रहरी गण पिलुवाका प्रहरी उपरीक्षक राजु श्रेष्ठ, राजयोग प्रशिक्षक ब्रह्माकुमार गुणराज, ग्यान्दा एकेडेमीका प्रमुख राजेन्द्र कोइरालालगायतका वक्ताहरूले मन्तव्य व्यक्त गरेका थिए।

# उद्धारको अभ्यास

टुडे समाचारदाता

राजबिराज । विपद् व्यवस्थापनमार्फत जोखिम न्यूनीकरण गरी धनजनको क्षतिबाट बचाउन उद्धार अभ्यास गरिएको छ।

सशस्त्र प्रहरी र नगरपालिका बीच समन्वय, संवाद र उद्धारमा कुनै पनि प्रकारको द्विविधा नहोस् भन्ने उद्देश्यका साथ बुधबार डाक्नेश्वरी नगरपालिका-५ रहेको पोखरीको डिलमा तथा पानीमा अभ्यास गरिएको छ।

डाक्नेश्वरी नगरपालिकाको आयोजनामा भएको विपद् प्रतिकार्य अभ्यासमा सशस्त्र प्रहरी बल राजविराज , सशस्त्र प्रहरी बल पातो र डाक्नेश्वरी नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सशस्त्र प्रहरीको उद्धार टोलीले आगलागी, भूकम्प, बाढी पहिरोबाट हुने जनचेतना अभ्यास गरेको थियो।

टोलीले परिमार्जित उद्धार तरिकाको प्रयोग र प्रदर्शन, स्वीफ्ट वाटर रेस्क्यु, ड्राफ्ट उद्धार, रबर बोटको फ्लिप रिफ्लिप प्रदर्शन, डोरीबाट उद्धार, बाढीबाट प्रभावित समुदायका पीडितको उद्धार कार्यको प्रदर्शन तथा



अभ्याससमेत गरिएको थियो।

कार्यक्रम पश्चात् नगरपालिका मेयर रामलखन मलाहले सीमित स्रोत र साधनका बाबजुद सशस्त्र प्रहरीले उद्धार कार्यमा उच्च निपूर्णता देखाएको र विपद् व्यवस्थापनको लागि चाहिने आवश्यक सहयोग गर्न नगरपालिका तत्पर रहेको बताए।

सशस्त्र प्रहरी नायब उपरीक्षक बाल कृष्ण श्रेष्ठले आगलागी, भूकम्प, डुबान, कटान र नदीमा डुबेको व्यक्तिलाई आफूसँग उपलब्ध साधन स्रोत र उद्धार सामग्रीको प्रयोग गरेर नजिकको सुविधा सम्पन्न अस्पतालसम्म पुऱ्याउने जस्ता अभ्यास गरिएको स्पष्ट पारे।

अभ्यास कार्यक्रममा संविधान सभा सदस्य ताराकान्त चौधरी, डाक्नेस्वरी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) विनय कुमार सोनु, सशस्त्र प्रहरी तथा नगरपालिकाको अधिकारीहरूलगायत सञ्चारकर्मीहरू र पाँच हजारभन्दा बढी स्थानीयवासीहरुसमेतले अभ्यासको अवलोकन गरेका थिए।

# चोरी पैठारीको सामान खरिद नगर्न अग्रवालको आग्रह

टुडे समाचारदाता

राजविराज । भन्सार छलेर तस्करबाट चोरी पैठारी गरी ल्याइएका कुनै पनि सरसामान व्यापारीले खरिद गर्न नहुने सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालले बताएका छन्।

बुधबार आफ्नै कार्यकक्षमा संचारकर्मीहरुसित कुरा गर्दै उनले यस्तो बताएका छन्।

सीमा पारी भारतीय बजारहरुबाट तस्कर हरुले किराना, श्रृंगार, फलफूल, रेडिमेड कपडालगायतका विभिन्न सरसामान भन्सार छलेर चोर बाटोबाट ल्याउने र त्यस्ता अवैध सरसामान केही सीमित व्यापारीले खरिद गर्ने गरेको जानकारी आएपछि अध्यक्ष अग्रवालको भनाइ छ।


उनले खुला सीमाका कारण अवैध कारोबार मौलाउदै गएको भन्दै यसमा प्रहरी प्रशासनले कडाइ र निगरानी नगर्दा यहाँको व्यापार व्यवसाय चौपट बन्दै गएको तथा भारतीय बजारमा नेपाली उपभोक्ताको भीड लाग्ने गरेको गुनासोसमेत पोखेका छन्।



# जेष्ठ नागरिकलाई सम्मान


टुडे समाचारदाता

कलैया । बाराको विश्रामपुर गाउँपालिकाले ८० वर्ष भन्दा माथिका बृद्धबृद्धाहरुलाई सम्मान गरेको छ। सम्मान स्वरुप गाउँपालिका अध्यक्ष जुल्फर अलि भुटोले गाउँपालिका भित्रका बृद्धबृद्धालाई टिका लगाइ गम्छा ओडाएका थिए।



अध्यक्ष भुटोले चर्को घामबाट बच्न बृद्धबृद्धाहरुलाई एक,एक वटा छाता वितरण गरेका थिए।

जनता सीप विकास केन्द्र प्रा.लिको सहजीकरणमा गाउँपालिकाको प्राङ्गनमा भएको कार्यक्रममा दुई सय बृद्धबृद्धाहरुलाई सम्मान गरिएको थियो।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# वित्तीय संस्थाको सुरक्षा बढाउ

नेपाल सरकारको नीति अनुसार देशको हरेक पालिकामा 'क' वर्गको बैंक अनिवार्य रुपमा स्थापना गर्नुपर्ने भएकाले अधिकांश पालिकामा सो अनुसारका बैंकहरुको शाखा सञ्चालनमा आइसकेको छ । कतिपय पालिकाहरुको भूगोल सहज छैन् । तर तराई/मधेशमा त्यो समस्या छैन् । यहाँ हरेक पालिकामा सुरक्षा चौकीहरु छन् । बैंक भएकै स्थानमा नभए पनि बढीमा आधी किलोमिटरको दूरीमा सुरक्षा निकायको कार्यालय छ । बैंकहरुले खोलेको शाखा पनि सुरक्षित स्थलहरुमा नै छन् । पालिकामा रहेका बैंकहरुमा समेत कारोबार प्रारम्भ भएदेखि नै भीड हुने गरेको छ । पालिकाको मात्र नभइ रेमिट्यान्स, ऋण लगायतका सम्पूर्ण बैंकिंग सुबिधा रहेकाले भीड हुनु अस्वभाविक होइन् । सामाजिक सुरक्षा भत्तादेखि सरकारी कार्यालयहरुबाट हुने कारोबारहरु बैंकमार्फत मात्र हुन्छ । त्यसकारण पनि बैंकमा भीड हुनु स्वभाविक हो । तर महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकामा रहेको एनएमबी बैंकबाट दिउँसो नगद लिएर लुटेराहरु फरार भएका छन् । बैंकका अनुसार ३८ लाख रुपैयाँ लुटिएको छ । कारोबार भइरहेको अवस्थामा बैंकमा ग्राहकहरु पनि थिए । कर्मचारीहरु पनि रहेका थिए । त्यस्तो अवस्थामा सोझै बैंकमा प्रवेश गरी चारजना हतियारधारीले बैंकका कैसियरलाई धम्काएर नगद लिएर फरार भए । उनीहरुलाई बुधबार सम्म पनि पक्राउ गर्न सकिएको छैन् । बैंकमा रहेको नगदसहित लुटेराहरु फरार भएको केही समय भित्रै त्यहाँ प्रहरी पनि पुगे । तर लुटेरलाई समाउन सकेनन् । बैंककै कर्मचारीको संलग्नताको पनि आशंका गरिएको छ । अनुसन्धानको प्रारम्भिक चरणमा बैंकका कर्मचारीको मिलेमतो देखिएको सुरक्षाकर्मीको कथन छ । त्यो प्रहरीको अनुसन्धानको विषय हो । प्रहरीले अनुसन्धानलाई जारी राखेकाले चाँडै नतिजा आउने विश्वास गर्न सकिन्छ ।दिउँसै बैंक लुटिएको यो भने पहिलो घटना होइन् । विगतमा पनि बैंकबाट रुपैयाँ झिकेर निस्केका बैंककर्मी लुटिएको घटनाहरु भएका छन् । बैंकको शाखामै पनि लुटपाटका घटनाहरु विगतमा भएका छन् । तर अहिले बैंक लुटपाटको घटनाले सुरक्षा चुनौती बढाएको छ । देशमा आर्थिक मन्दी रहेको र शहरलगायत ग्रामीण भेगमासमेत आर्थिक कारोबार ठप्प जस्तै रहेकाले त्यसको प्रभाव पर्न थालेको हुनसक्छ । अनुचित लेनदेन (मिटरब्याजी)लाई कारबाही गर्न सरकारले अध्यादेशमार्फत बनाएको कानुनका कारण पनि सामाजिक रुपमा हुने लेनदेन पूर्ण रुपमा ठप्प भएको छ । समाजमा बिहाबारी, श्राद्ध, उपचार, वैदेशिक रोजगारीलगायतका कार्यहरु नराम्ररी प्रभावित भएका छन् । बैशाख र जेठ महिनामा हुने बिहाबारीमा निकै कमी आएको बताइन्छ । जमीन रहे पनि समयमा रुपैयाँ नहुँदा उपचारको अभावमा मानिसको जीवन जाने खतरा बढेको छ । सरकारले तत्काल कानुनमा संशोधन गरी सामाजिक लेनदेनलाई सहज नबनाए आर्थिक संकटको कारण अपराधिक घटनाहरुमा वृद्धि हुन सक्ने उच्चजोखिम छ । बैंकहरुलाई पर्याप्त सुरक्षा नभए ग्रामीण भेगबाट हटन सक्छ । सरकारले ल्याएको बजेट पनि आर्थिक समस्यालाई समाधान गर्न सक्नेमा प्रश्न उठ्न थालेको छ ।

# वैदिक संस्कृतिको निरन्तरतामा जनकपुरधामको स्थान



डा. रामसागर पंडित

प्रत्येक देश आफ्ना सांस्कृतिक विरासतमा अडेको हुन्छ । प्रत्येक देशको आफ्नै संस्कृति, परम्परा, धर्म वा रीतिरिवाज हुन्छन् । कुनै पनि देशको निर्माण उसको सांस्कृतिक आधारमा हुन्छ । धार्मिक र सांस्कृतिक विरासत, राष्ट्रवाद र देशभक्तिको आधार बनाउँछ । प्राचीन मिथिला पनि आफ्नै सांस्कृतिक विरासतले विश्वमा प्रसिद्धि पाएको थियो जो आज पनि आफ्नो छाप प्रष्ट रूपले देखाइ रहेको छ । मिथिला राज्य त भूगोलको पानाबाट गए पनि जनकपुरले आफ्नो अस्तित्व हालसम्म कायम राखेको छ । प्राचीन मिथिला हाल दुई टुक्रामा विभाजित छन् । आधाभन्दा बढी भाग भारतको विहारमा परेको छ भने शेष भाग नेपालमा रहेछ । प्राचीन मिथिलाको राजधानी जनकपुरधाम नेपालमै छ जो अहिले नेपालको धनुषा जिल्लाको सदरमुकाम र मधेश प्रदेशको राजधानीको रूपमा आफ्नो स्थान पाएको छ ।


वैदिक संस्कृति पूर्वीय दर्शनको आधार हो । यस दर्शनको मूलभाषा संस्कृत थियो । यस भाषालाई देवभाषा पनि भनिन्छ । संस्कृत भाषामा लेखिए अनुसार परापूर्वकालदेखि मान्यता पाएका दर्शनलाई पूर्वीय दर्शन भनिन्छ । दर्शनमा विषयवस्तुको सूक्ष्म विश्लेषण गरिएको हुन्छ । अर्कोतिर दर्शनमा जीव जन्तु, लोक-परलोक, जन्म-पुनर्जन्म, आत्मा-परमात्मा आदिलाई यसको विषय वस्तुको रूपमा लिएको देखिन्छ । मूल रूपमा दर्शनलाई तत्व ज्ञानको रूपमा समेटिएको देखिन्छ । यसरी निष्कर्षमा भन्नुपर्दा दर्शन शब्दको मूल अर्थ कुनै विषय वस्तुको अन्तिम वास्तविकताको खोज गर्नु हो । पूर्वीय दर्शनलाई हेर्दा पृथ्वीको पूर्वी गोलार्द्धमध्ये दक्षिण-पूर्वी गोलार्द्ध एसियामा रहेका देशहरूलाई सम्बोधन गरेको पाइन्छ । जीवन बाच्ने पद्धतिका जति पनि कुराहरू छन् त्यसको सही प्रतिपादन यी देशहरूबाट नै भएको देखिन्छ । यसमध्ये पनि मूल रूपमा प्राचीन मिथिलालाई लिन सकिन्छ । यसलाई जनकपुरसँग जोडेर हेर्दा यसको सान्दर्भिकता अझै बढ्न जान्छ किनभने जनकपुर एउटा यस्तो ठाउँ हो जो परापूर्व कालदेखि मानिसको जीवन बाँच्ने पद्धतिसँग सम्बन्धित कुराहरूमा निकै दर्शन प्रतिपादन गरेका छन् ।

पौराणिककालदेखि नै प्राच्य विधाको केन्द्रको रूपमा प्रख्यात यस ऐतिहासिक विदेह नगरी जनकपुरधामको गौरवमय इतिहास रहेको छ । जगत जननी जानकीको जन्मभूमि, याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान एवं विदुषीहरूका साधनाभूमि, ब्रह्मज्ञानी जनकको कर्मभूमि, अष्टावक्र जस्ता मनीषिहरूका शास्त्रार्थभूमि एवं विभिन्न जिज्ञासुहरूका जिज्ञासा पूर्ति गर्ने पवित्र एवं पुण्यभूमि जनकपुरधाम बारे पूर्वीय दार्शनिकहरू विभिन्न कोणबाट आ-आफ्ना विचार प्रकट गरेका छन् ।

मूल रूपले जनकपुर रामायणसँग जोडिएका कारणले पनि आजसम्म निकै प्रसिद्धि पाउँदै आएको छ । रामायण नेपाल र भारतमा मात्र होइन विश्वलाई नै एउटा असल चारित्रिक जीवनसँग बाँच्ने पद्धति प्रदान गरेको छ । जनकपुरले परम्परादेखि चल्दै आएको संस्कृतिलाई अंगाल्दै रामायणलाई आधार मानी वर्तमान कालसम्मको बाटो तयार गरेको देखिन्छ । अन्य धर्मतिर जाँदा शैवधर्मालम्बीहरू शिवको आचरणलाई अपनाउन खोज्छन् भने चार्वाक, जैन र बौद्ध नास्तिक दर्शनमा अडेका छन् । यसरी हेर्दा जनकपुर पूर्वीय दर्शनको संरक्षणमा उच्च स्थान प्राप्त गरी नेतृत्वसमेत प्रदान गरेको बुझ्न सकिन्छ ।

प्राचीनकालदेखि हालसम्म जनकपुरलाई हेर्दा मध्यकालमा केही नराम्रो अवस्था आएपनि जनकपुरले पूर्वीय सभ्यताको केन्द्रकै रूपमा आफूलाई प्रमाणित गरेको छ । प्राचीनकालमा वैदिक बाङ्मय, पुराण, रामायण, महाभारत आदि ग्रन्थहरूलेसमेत जनकपुरधामको अस्तित्वलाई स्वीकार गरिसकेका छन् । हालको जनकपुरको देन सन्तद्वय शूरकिशोर दास र चतुभुर्ज गिरीलाई जान्छ । त्यस बेलादेखि नै जनकपुर सन्तमहन्थ तथा सन्यासीहरूका आवास स्थलको रूपमा परिचित हुँदै आएको देखिन्छ । यहाँहरूले रामायणलाई जीवनको आधारशिलाको रूपमा अपनाएर विभिन्न भाषामा अनुवाद गरेर आदर्शताको पाठ सिकाएको देखिन्छ । अन्य धर्मालम्बीहरू समेत रामायणलाई उत्तिकै आदर्शका रूपमा हेरेका छन् ।

वर्तमान जनकपुरले पनि वैदिक दर्शनलाई जोगाउन सक्दो प्रयास गर्दै आएको छ । तर पनि अहिले विश्वव्यापीकरणको प्रवाहले जनकपुर पनि केही अंशमा मर्माहत भएको कुरालाई नकार्न सकिँदैन । यहाँ अहिलेपनि लगभग दुई सय मन्दिर तथा कुटीहरू यसको संरक्षण गर्न प्रयासरत छन् । पश्चिमी मूल भाषा अंग्रेजी र भारतीय भाषा हिन्दीबाट प्राचीन भाषा संस्कृत तथा मैथिली पूर्णरूपमा प्रभावित भएका छन् । भेषभूषा, खानपान, रहनसहन, धर्मकर्म आदि कुरा समेत प्रभावित भइरहेका छन् । हाम्रा पुर्खा यही साधुसन्त तथा ऋषि महर्षिद्वारा पाएको ज्ञानबाट प्रकृतिप्रेमी थिए । आजका मानिसहरू वैज्ञानिक विकासको हवाला दिँदै प्रकृति विरोधी बन्दै आएका छन् जो पूरै पृथ्वीलाई मर्माहत बनाएको छ ।



जनकपुरले अहिले पनि अपनाएका सामाजिक, सांस्कृतिक तथा धार्मिक पद्धतिलाई सबैले सहर्ष स्वीकार गरेका छन् । जन्मदेखि मृत्युसम्म हुने संस्कारहरूमा जनकपुरको स्थान अहिले पनि प्रथमै रहेको देखिन्छ । त्यतिमात्र होइन, जनकपुरले एउटा आस्तिक पक्षको नेतृत्वलाई जोगाएर आगाडी बढ्न खोजेको कुरा कसैबाट लुकेको छैन । पर्वतिहारदेखि सामान्य धार्मिक कार्यक्रममा पनि जनकपुरको भूमिका प्रमुख रहेको देखिन्छ । विश्वका सबै हिन्दुले अहिले पनि बैदिक दर्शनको प्रतीकको रूपमा माता जानकीलाई स्वीकारेका छन् । विभिन्न देशका हिन्दु राजामहाराजाहरूसमेत यस कुरालाई स्वीकार गरेरै जनकपुरलाई नमन गर्न यहाँ आएका हुन्छन् । उनीहरूपनि वैदिक दर्शनलाई जोगाएर नेतृत्व गरेको कुरालाई स्वीकारेका छन् । केन्द्रीय सरकार तथा स्थानीय सरकार समेत यस्ता वैदिक धरोहरलाई जोगाउन सक्रिय छन् । अहिले जनकपुरधाममा रहेका मन्दिर, कुटी तथा धर्मस्थललाई मर्मत सम्भार तथा निर्माण गर्न सुरू गरेका छन् । यहाँका धार्मिक पोखरी, तलाउ, कुण्ड तथा कूपलाई समेत आधुनिकीकरण गरी विश्वका पर्यटकलाई तान्न खोजेको प्रयास कम सराहनीय छैन । यसबाट हाम्रो वैदिक दर्शनलाई विश्वसमक्ष राख्न ठूलो अवसरको रूपमा लिन सकिन्छ ।

जनकपुरधाम आधुनिक युगको पनि यस्तो ठाउँ हो जहाँ अहिले पनि वैदिक युगको अनुभूति गराइ रहेको छ । यहाँ आउने जस्तो सुकै पर्यटक पनि सीताराम नामको जाप गर्न पछि पर्दैनन् । उनीहरू आएर अहिले जनककालीन जनकपुरकै अनुभव गर्न थालेका हुन्छन् । यसरी विश्वमा यस्ता कमै स्थान छ जहाँ सतप्रतिशत वैदिक संस्कृतिलाई स्वीकार गरी आफ्नो जीवनलाई अगाडि बढेको प्रण लिन्छन् । यस संस्कृतिको उत्थानमा अहिले पनि संस्कृत विद्यापीठदेखि अन्य संस्थाहरूसमेत लागि परेका छन् । यहाँ रहेका त्रिभुवन विश्वविद्यालय तथा नेपाल संस्कृत विश्वविद्यालयका आंगिक क्याम्पसबाट विभिन्न विषयका प्राज्ञ उत्पादन हुँदै आएका छन् । यसरी अहिले पनि जनकपुरधाममा विद्वान विदुषीको कमी छैन भने कुरा प्रमाणित भएको देखिन्छ । जनकपुरधाम यस्तो ठाउँ हो जहाँ अहिले पनि पश्चिमी संस्कृति तथा धर्मको प्रवाहलाई स्वीकारेको देखिँदैन । त्यसैले यसको संरक्षण तथा संवर्द्धन गर्नु हाम्रो परम् कर्तव्य हुन आउँछ ।

वैदिक शब्द बेदकै अर्को रूप हो । वैदिक संस्कृतिको अर्थतिर जाँदा जो संस्कृति वेदमा आधारित छ यसलाई वैदिक संस्कृति भनिन्छ । प्राचीन मिथिला यस्तो ठाउँ थियो । जहाँ मानिसहरू पूर्णरूपेण वेदको अनुसरण गरेर जीवन बिताउँथे । आज पनि विश्वमा जे जस्तो परिवर्तन आएपनि मिथिलाको संस्कृतिमा कुनै खासै असर परेको देखिँदैन । जनकपुरधाम प्राचीनदेखि हालसम्म यस संस्कृतिलाई निरन्तता दिन विर्सेको छैन् । त्यसैले अहिले पनि विश्वका हिन्दु धर्मालम्बीहरू जनकपुर आएर पवित्र जलाशयहरूमा स्थान गरेर जानकी माताको दर्शन पश्चात आफूलाई चोखो बनाउँछन् ।

जनकपुरको पाण्डित्य विदेहमा मात्र सीमित थिएन, पाञ्चाल, कुरू तथा कोशलसम्म पुगेको थियो । यसै मिथिलाको कमलाकाननमा ऋषिहरू न्यायसूत्रहरूका रचना गरेका थिए । यसै कालमा सिरध्वज राजर्षि जनकको नामले प्रसिद्धि पाएका थिए । सीतालाई प्रभुको प्रसाद सम्झेर पुत्रवत रूपमा पालेका थिए । विश्वाभित्र जस्ता महान ऋषि पनि मिथिलाकै पूर्वी क्षेत्रमा आफ्ना सिद्धाश्रम स्थापना गरेका थिए । विश्वाभित्र एक युगद्रष्टा ऋषि थिए । उहाँले नै सीतारामलाई पुलका रूपमा प्रयोग गरेर विदेह र कौशललाई मिलाएका थिए । सीतामाता एउटी शक्तिस्वरूपा तथा सहनशीलसुशीला नारी थिइन् । वहाँ जति पनि कठोर जीवनमा बस्दा कहिले पनि ब्याकुल भइनन् । यस्तै साहसी जीवन उहाँले लङ्का र वशिष्ट कुटीमा बिताएकी थिइन् । उहाँले नारी जातिको मानसम्मान दिएकी थिइन् । उहाँ एउटी आदर्श छोरी, बुहारी, पत्नी तथा आमा बनेर विश्वलाई आदर्शताको पाठ पढाएकी थिइन् ।

जनकपुरलाई अहिले पनि कुटी र पोखरीहरूको शहरको रूपमा जान्दछन् । यस्तो बेग्लै विशेषता भएको शहर विश्वमै बिरलै छ । अहिले पनि जनकपुरमा यी पौराणिक सम्पदाहरूमध्ये मन्दिर, कुटी, सरोवर आदि रहेका छन् । त्यसैले संत, कुटी तथा कुण्डहरूका संख्यालाई हेरेर एउटा कहावतले समेत यसलाई पुष्टि गरेको छ ः

"बावन्न कुटी बहत्तर कुण्डा, फिरही संतजन झुंडहि झुंडा ।"

पर्यटकीय दृष्टिकोणले जनकपुरका यी धार्मिक सम्पदाहरूको भूमिका निकै महत्वपूर्ण देखिन्छ । यस्ता सम्पदाहरूले विश्वका पर्यटकहरूलाई आफूतिर तानिराखेका छन् । कला संस्कृतितिर पनि प्राचीन कला संस्कृतिलाई वर्तमानसम्म निरन्तरता दिएको देखिन्छ । त्रेतायुगमा भएको रामजानकी विवाहलाई अहिले पनि मंसिर शुक्ल पञ्चमीका दिन पारेर विवाह वर्षगाठको रूपमा प्रत्येक साल धूमधामका साथ मनाउने गरिन्छ ।

जनकपुरधाम त हालसम्म आफ्नो अस्तित्व जोगाएर राखेको भएपनि अहिलेको २१ सौं शताब्दीको विश्वमञ्चमा यसलाई अझ बढी बलियो रूपमा कसरी प्रतिस्थापन गर्न सकिन्छ त्यतातिर सबैको ध्यान जानु पर्ने आवश्यकता छ । जनकपुरधामको संस्कृति जति पुरानो भएपनि यसलाई अहिलेसम्म विश्वसम्पदा सूचीमा दर्तासमेत गराउन सकेका छैनौं । विश्वसम्पदा सूचीमा दर्ता गराउन संघीय सरकार जहिले पनि उदास देखिन्छ । जनकपुरधाम राजनीति क्षेत्रको केन्द्र बिन्दुको रूपमा रहेको छ । यहाँबाट जहिले पनि संघीय सरकारमा हिस्सा पाएकै हुन्छन् तर पनि जनकपुरबारे किन आवाज उठाइएन, सोचनीय कुरो रहेछ । अहिले पनि समय छ सरकारमा सामेल भएका पार्टीहरूले संयुक्त रूपमा जनकपुर बारे सामूहिक आवाज बुलन्द भयो भने विश्वसम्पदा सूचीमा दर्ता हुन बेर लाग्दैन । विश्वसम्पदा सूचीमा दर्ता भयो भने विश्वका पर्यटकहरूको लिष्टमा समावेश हुन्छ जहाँबाट उनीहरू सजिलैपूर्वक जनकपुरसम्म पर्यटकीय भ्रमण गर्न सक्छन् । यसले गर्दा स्थानीय मानिसहरूसमेत रोजगार पाउन सक्छन भने सरकारलाई पनि विदेशी मुद्रा संकलन गर्न केही सजिलो पक्कै हुन जानेछ ।

यसरी आ-आफ्ना संस्कृति सबैलाई प्यारो हुन्छ । संस्कृतिनै हाम्रो चिनारी हो । वेदले हामीलाई संस्कृति सम्बन्धी जो ज्ञान दिन्छ त्यसैलाई हामी वैदिक संस्कृति भन्दछौं । एक देशले अर्को देशमाथि आक्रमण गर्दा सबैभन्दा पहिले संस्कृतिमाथि नै धावा बोल्छन् । तर जे जति उतार चढाव आएपनि हाम्रो संस्कृति प्राचीनदेखि वर्तमानसम्म निरन्तरता पाएको छ । आजको मिथिला भूगोलमा नभए पनि सांस्कृतिक रूपले अहिले पनि मिथि लाञ्चलन कायमै छ । यसलाई भविष्यमा समेत निरन्तरता दिइ वैदिक संस्कृतिलाई जोगाउनु हामी सबै मिथिलाबासीको परम कर्तव्य हुन आउँछ । इतिश्री ।

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा



डा. शैलेन्द्र गिरी

नेपालले छोटो समयमै धरै राजनीतिक उथलपुथल भोग्यो । हामी यो अर्थमा भाग्यमानी छौं कि दुईवटा राज्य व्यवस्था भोग्दैछौं । तीनवटा राज्य व्यवस्था ब्यहोर्ने मेरा हजुरबा जीवित हुनुहुन्छ । न्याय र स्वतन्त्रताका विरुद्ध लड्ने लखन थापादेखि पछिल्लो सहिद मुकेश कायस्थसम्म आइपुग्दा लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्नमा हजारौं नेपालीको साहदत भएको छ । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा राजनीतिक रूपमा युगन्तरकारी परिवर्तन नै थियो । यसले सयौं वर्षसम्म जरा गाडेर बसेको राजतन्त्रलाई रछ्यानमा पुर्‍याउन सफल भयो ।

निरङ्कुशता र वंशवादको अन्त्य यो व्यवस्थाको सुन्दर पक्ष हो । समाजमा सही नसक्नुको थिचोमिचो, अन्याय, अत्याचारको समूल नष्ट यसको अर्को सबल पक्ष हो । यसले नागरिकमा राजनीतिक चेतनाको विकास गर्नुका साथै सामाजिक रूपान्तरण र आर्थिक अधिकारका सवालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि ठूलो परिवर्तन ल्यायो । देशमा भएको राजनीतिक, सामाजिक परिवर्तनसँगै आर्थिक दृष्टिकोणमा परिवर्तन ल्याउनुमा सामाजिक, आर्थिक रुपान्तरणले प्रमुख भूमिका खेलेको छ ।

**गणतन्त्रका उपलब्धि**

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा जनताका प्रतिनिधिले लेखेको संविधानमार्फत अवसर र अधिकारबाट बञ्चित भएका महिला, आदिवासी, मुस्लिम, दलित, मधेशी, उत्पीडित, पिछडिएको क्षेत्रबाट प्रतिनिधि सुनिश्चित भई समावेशी आधारमा राज्यसत्ता सञ्चालनमै सहभागी हुने सुवर्ण अवसर प्रप्त भयो । नेपालमा भैतिक पूर्वाधारको विकास र सूचना तथा सञ्चार प्रविधिमा क्रान्ति सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाकै कारणले सम्भव भएको हो । सामाजिक विकृतिका रूपमा रहेका कमलरी, कमैया प्रथादेखि पानी चल र अचल बनाएर कोरिएको सामाजिक कुरीतिको रेखा गणतान्त्रिक व्यवस्थाले नै मेटाएको हो भन्न हिच्किचाउनु पर्दैन ।

राज्यका प्रमुख तीन अङ्गहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुखको रुपमा महिला, जनजाति र मधेशीलाई पुर्‍याउनुमा व्यवस्थाकै प्रमुख भूमिका छ । राज्यका सबै अङ्गमा दलित, महिला, मधेसी, जनजाति, पिछडिएको वर्गलाई ल्याउने काम पनि यसै व्यवस्थामा भएको कुरा लुकाउनु पर्दैन । प्रश्न के हो भने जहानीय राणा शासन र निरङ्कुर पञ्चायती व्यवस्थामा के यी कुराहरु छुट थियो त ? पक्कै थिएन । यही प्राप्तिका लागि जनताले दशकौं शान्तिपूर्ण र सशस्त्र सङ्घर्ष गर्नुपर्‍यो । जो घाम जत्तिकै छर्लङ्ग छ ।

देशमा व्यवस्था परिवर्तनसँगै जनअपेक्षा ह्वात्तै बढेर आयो तर जनप्रतिनिधिहरुले जनआकांक्षा अनुरुपको काम गर्न नसक्दा भने त्यो आशा नैराश्यतामा परिणत हुन पुगेको साँचो हो । व्यवस्था परिर्वतन त भयो तर जनताको अवस्था परिर्वतन हुन नसक्दा खाइपल्केका अवसरवादीहरु व्यवस्थामा नै खराबी देखाउन खोज्दैछन् । जसले राणा शासन र निरकुङ्श पञ्चायती व्यवस्थामा तर मारे, अहिले तिनै तरमाराहरु व्यवस्थाका विरुद्ध वकालत गर्दै बुरुकबुरुक उफ्रिरहेका छन् । सलहकिरा सरी सल्बलाई रहेका छन् ।

गणतन्त्रको स्थापनापछि देशमा विकास निर्माणका कामहरु अगाडि नबढेका होइनन् तर विकाससँगै विभिन्न रुप धारणा गरेर विकासलाई खाने धमिराहरुको पनि प्रवेश भयो । काठमाडौंको बाटो चौडा कुन व्यवस्थाले गरेको हो ? अहिले सर्र्र गाडी गुड्न सहज भएको छ । देशमा १८ घण्टासम्मको लोडसेडिङ अन्त्य भएको छ । केही वडाहरुलाई छोडेर करिब सबै स्थानीय तहसम्म इन्टरनेट सेवा यही व्यवस्थाले पुर्‍याएको छ ।

> “ राज्यका सबै अङ्गमा दलित, महिला, मधेसी, जनजाति, पिछडिएको वर्गलाई ल्याउने काम पनि यसै व्यवस्थामा भएको कुरा लुकाउनु पर्दैन । प्रश्न के हो भने जहानीय राणा शासन र निरङ्कुर पञ्चायती व्यवस्थामा के यी कुराहरु छुट थियो त ? पक्कै थिएन ।

कर्णाली प्रदेशको हुम्ला सदरमुकामबाहेक सबै जिल्ला सडक सञ्जालमा जोडिसकेका छन् । हिजो रेडियो नहुनेहरु घरका प्रत्येक सदस्यको हातमा मोवाइल फोन छ अहिले । यो कुन व्यवस्थाले दियो ? हो, प्रतिक्रियावादीहरु र अबसरवादीहरुले पिठो बेचे हामीले चामल बेच्न सकेनौं यो साँचो हो । साँचो के पनि हो भने सङ्घ, प्रदेश र स्थानीय तहमा केही खराब पात्रहरु गरेको बदानमीपूर्ण कार्यका कारणले व्यवस्थाले लज्जाबोध गर्नु पर्‍यो । दुई चार खराब काम नभएका पनि होइनन् । अहिले तिनै पात्रहरुका खराब कामलाई देखाएर देशमा भएको उन्नति र प्रगतिलाई ढाकछोप गदै केही मुठ्ठीभर दलाल, विचौलिया र अवसरवादी तत्वहरुले समग्र राज्य व्यवस्थालाई नै खराबी देखाउने प्रयन्न गर्दैछन् । राज्य व्यवस्थाको फाइदा उठाएर देशलाई दोहन गर्ने ती कुपात्रहरुलाई कानुनको दायरामा ल्याई सजायको भागिदार बनाउनुपर्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि देशमा जुन रफ्तारमा विकास निर्माण, कलकारखाना, उद्योगधन्दाको स्थापना, शिक्षामा आमूल परिर्वतन, राज्यको पुनःसंरचना, विभिन्न आयोगले दिएका प्रतिवेदनहरुको उचित कार्यान्वयन, कर्मचारीतन्त्रमा रुपान्तरण र सबलीकरण, कृषिमा आधुनीकरण, यन्त्रीकरण र बजारीकरण, प्राथमिकतामा आधारित रोजगारी सिर्जना गर्ने खालका परियोजना तथा कार्यक्रमको छनोट र कार्यान्वयन नभएकै हो । अहिले देशभर १५.१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि छ । पाँच प्रतिशत जनसङ्ख्या अझै विद्युत्को पहुँच बाहिर छन् । निम्न वर्गको सम्बोधन, जनताको जनजीविकाको सबाल, उत्पादन, रोजगारी सिर्जना गर्नुभन्दा प्रमुख पार्टीका नेतृत्वमा रहेका नेताहरुबीच एकापसमा बेमेल, छिनाझम्टी, एकले अर्कोलाई छिर्के हान्ने, काममा भन्दा गफमा रमाउने, अध्ययन अनुसन्धान र विषय विज्ञभन्दा आफूलाई सधैं सर्वज्ञानी ठान्ने प्रवृति हाबी हुन खोजेको छ । यसो गराउनमा देशी विदेश शक्ति केन्द्रहरु अहिले पनि हात घोएर लाएकै छन् ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र जनताको बलिदानीबाट प्राप्त राज्य व्यवस्था भएकाले यसको बर्खिलापमा ज्यादा वकालत जनतालाई मान्य छैन । यो ख्याल राखे हुन्छ । राणा शासन व्यहोर्ने जनता अझै जीवितै छन् । एकदलीय निरङ्कुश पञ्चायती व्यवस्था हामीले पनि ब्यहोर्‍यौं । दश वर्षे जनयुद्ध, जनआन्दोलन मधेश आन्दोलन, थारु आन्दोलनको बल र सहिद, घाइते, अपाङ्ग र बेपत्ता पारिएका नागरिकको रगतसँग साटेर प्राप्त गरेको यो व्यवस्था कतिपयका लागि खेलाँची लाग्न सक्छ । त्यो स्वभाविकै पनि हो ।

जहानीय राणा शासन र निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध दशकौं लडेका, १०/१५ वर्ष जेलमा बसेका, नेताहरु जीवितै छन् । कतिपय नेताहरुको शरीरमा लागेको गोली, रड बोकी अझै हिंडिरहेका छन् । चरम यातनाकै कारण शहादत भएका सहिद, बेपत्ता, घाइते र अपाङ्गहरुको बीरता र बलिदानीको फलस्वरुप प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको हो । यसलाई मास्न त्यति सजिलो भने छैन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समावेशी शासन प्रणाली संस्थागत गर्ने जिम्मा हिजो यसैको लागि लामो समय सङ्घर्ष गर्ने प्रमुख दलहरुकै हो । (लेखक नेकपा (माओवादी केन्द्र) विज्ञान तथा प्रविधि विभागका सदस्य हुनुहुन्छ)

# मुलुकको गुणात्मक ढङ्गले परिवर्तन आवश्यक : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको गुणात्मक ढङ्गले परिवर्तन आवश्यक रहेको बताउनुभएको छ । ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा आज राष्ट्रिय जनसांस्कृतिक महासङ्घले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा उहाँले मुलुकको अहिले सङ्ख्यात्मक रूपमा मात्र परिवर्तन भएकोले गुणात्मक परिवर्तन आवश्यक रहेको बताउनुभयो ।

उहाँले गुणात्मक परिवर्तनका लागि अभियान सञ्चालन गर्नुपर्ने भनाइ राख्नुभयो । “यथार्थमा अहिलेसम्म नेपालको परिवर्तन केही मात्रामा गुणात्मक नभए पनि सङ्ख्यात्मक परिवर्तन मात्रात्मक रूपमा मात्र भएको छ,” उहाँले भन्नुभयो, “मुलुकमा शासक फेरिएका छन् । प्रणाली अलिकति फेरिए जस्तो भएको छ । खासमा प्रणाली उस्तै उस्तै देखिएको छ ।”

उहाँले मुलुकलाई सकारात्मक सोचसहित परिवर्तनतिर लैजान खोजे पनि बिथोलिएको भनाइ राख्नुभयो । अध्यक्ष ओलीले जनसाहित्यबाट अन्धविश्वास, कुरीति, अन्याय, असत्य, भेद्भाव र शोषण भत्काउन शब्दवाणमा गति दिनुपर्ने भनाइ राख्नुभयो । सङ्गीत कला, साहित्य भनेको बेग्लै संवेदना र भाव रहने भन्दै यसले बेग्लै खालको असर पार्ने बताउनुभयो । नेपाल धर्ती ज्ञान, सभ्यता, सङ्गीत, कला साहित्य शिक्षाको सुरुआत भएको उहाँको भनाइ थियो ।

उहाँले मुलुक राजनीतिकरूपमा अस्थिर र अन्योल रहेको बेला सामाजिकरूपमा अगाडि बढ्ने ठाउँ नभएको स्पष्ट पार्नुभयो । नेपाली समाजको सभ्यता र संस्कृति नै धरापमा परेको भन्दै पूर्वजले हजार वर्ष लगाएर मूल्यमान्यता विकास गरेर स्थापित गरेको उहाँको भनाइ थियो ।

उहाँले अर्थतन्त्र बिग्रियो भने केही समयमा सुध्रिने भए पनि समाज बिग्रियो भने सुध्रन धेरै समय लाग्ने बताउनुभयो । रासस

# पाँच देशका लागि गैरआवासीय राजदूत नियुक्त

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न पाँच देशका लागि गैरआवासीय राजदूत नियुक्त गर्नुभएको छ ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम उहाँहरूलाई ती पाँच देशका लागि गैरआवासीय राजदूत पदमा नियुक्त गर्नुभएको हो । राष्ट्रपति पौडेलले अष्ट्रेलियाका लागि नेपाली राजदूत कैलाशराज पोखरेललाई फिजी, ब्राजिलका राजदूत निर्मलराज काफ्लेलाई अर्जेन्टिना, रुसीमहासङ्घकाराजदूत मिलनराज तुलाधरलाई बेलारुस, डेनमार्कका प्रा डा रामस्वार्थ रायलाई नर्वे र पाकिस्तानका राजदूत तापस अधिकारीलाई टर्कीका लागि गैरआवासीय राजदूत पदमा नियुक्त गर्नुभएको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । रासस

# प्रधानमन्त्री दाहाल नयाँ दिल्लीमा

नयाँ दिल्ली । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ केही बेर अघि भारतको राजधानी नयाँ दिल्ली आइपुग्नुभएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा चार दिने औपचारिक भ्रमणका क्रममा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उहाँ यहाँ आइपुग्नुभएको हो ।



प्रधानमन्त्री दाहाललाई नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतका सङ्घीय विदेश मामिला तथा संस्कृति राज्यमन्त्री मीनाक्षी लेखीले स्वागत गर्नुभएको थियो । त्यसक्रममा विमानस्थलमा भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्मा, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवलगायतको उपस्थिती थियो ।

प्रधानमन्त्रीलाई विमानस्थलमा सांस्कृति झाँकीले स्वागत गरिएको थियो । त्यसैगरी उहाँलाई भारतमा स्वागत गरिएका ब्यानरहरु पनि सडकका किनारमा राखिएको थियो ।

यस भ्रमणमा प्रधानमन्त्रीका साथमा अर्थ, परराष्ट्र, उर्जा, भौतिक पूर्वाधार तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री, सचिवहरु तथा उद्योगी, व्यवसायीहरुको सहभागीता छ ।

साँझ प्रधानमन्त्री दाहालको सम्मानमा नयाँ दिल्लीस्थित नेपाली दूतावासमा स्वागत कार्यक्रमको आयोजना गरिएको छ । सो अवसरमा प्रधानमन्त्री दाहालले भारतमा रहेका नेपाली समूदायसँग अन्तरक्रिया गर्नुहुने छ । आज साँझ भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्माले प्रधानमन्त्रीको सम्मानमा रात्रिभोजको आयोजना गर्नुहुनेछ ।

**असमान सन्धि-सम्झौता पुनरावलोकन गर्न आग्रह**

नेकपा (एकीकृत समाजवादी)ले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को भारत भ्रमणका क्रममा सन् १९५० को नेपाल-भारतका असमान सन्धि, सम्झौता पुनरावलोकन गर्न आग्रह गरेको छ ।


पार्टीका विदेश विभाग सचिव डा शङ्कर खतिवडाका अनुसार कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत सीमा क्षेत्रका विवादबारे कूटनीतिक माध्यमबाट समस्या समाधान गर्न माग गरिएको छ । यसबारेमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको भारत भ्रमणमा, द्विपक्षीय समझदारी भई कूटनीतिक तहमा कुराकानीसमेत प्रारम्भ भएको विभागले जनाएको छ ।

नेपाली र भारतीय विज्ञ सहभागी रहेको नेपाल-भारत सम्बन्धमा गरिएको प्रभुत्व व्यक्ति समूह (इपिजी)को अध्ययन प्रतिवेदनलाई अविलम्ब ग्रहण गर्न भारतीय पक्षलाई आग्रह गर्ने, नेपाल-भारतबीचको व्यापार सन्धिलाई समयानुकूल परिमार्जन गर्ने र व्यापारघाटालाई न्यूनीकरण गर्ने, नेपालको क्षेत्रीय-अन्तर्राष्ट्रिय विमानस्थल पोखरा र भैरहवाबाट अन्तर्राष्ट्रिय उडान भर्नका लागि सिधा हवाईमार्ग उपलब्ध गराउन अनुरोध गर्ने, नेपालको ऊर्जा, पर्यटन, औद्योगिकीकरण, भौतिक पूर्वाधार तथा कृषिको औद्योगिकीकरण र बजारीकरणमा भारतीय लगानी अभिवृद्धि गर्न, दुई देशबीचको सीमा वारपार हुने तस्करी तथा अनौपचारिक आर्थिक गतिविधिलाई नियन्त्रण गर्नुपर्ने सुझाएको छ ।

दुई देशीबीचको खुला सिमानामा आवतजावत गर्ने नेपाली र भारतीयको अभिलेख व्यवस्थित गर्न आवश्यक प्रणालीको विकास गर्ने, पशुजन्य सङ्क्रमित रोग नियन्त्रण तथा रोकथामका लागि सहयोगको अनुरोध गर्ने, भारतमा काम गरी फर्केर आउने नेपाली श्रमिकमाथि सीमा क्षेत्रमा हुने अनावश्यक झन्झट, ठगी, गुण्डागर्दी तथा सीमा सुरक्षामा खटिएका भारतीय सुरक्षाकर्मीबाट हुने दुर्व्यवहारलाई नियन्त्रण गर्ने, पञ्चेश्वर परियोजनाको कार्यान्वयन दुई पक्षलाई लाभ हुने गरी यथाशीघ्र सञ्चालनमा ल्याउन जोड दिने, नेपालको पूर्व-पश्चिम रेलमार्ग र काठमाडौँ-रक्सौल रेलमार्ग निर्माणमा भारतको सहयोगका लागि अनुरोध गर्ने, नेपालमा उत्पादित जलविद्युत्को विभेदरहित ढङ्गले भारतीय बजारमाबिक्रीवितरणकोसुनिश्चित गर्नुपर्ने, नेपालबाट बङ्गलादेश विद्युत् निर्यात गर्न भारतीय प्रसारण लाइनको प्रयोग गर्नका लागि भारतलाई अनुरोध गर्ने, ऊर्जा विकास र वितरणका लागि नेपाल, भारत र बङ्गलादेशबीच त्रिपक्षीय साझा समझदारी कायम गर्न पहल गर्न विभागले सुझाव दिएको छ ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को शिखर सम्मेलन आयोजना गर्ने विषयमा रहेको गतिरोध अन्त्य गर्ने र सार्कलगायत अन्य क्षेत्रीय सङ्गठनको प्रभावकारिता वृद्धि गरी आपसी सहयोग विस्तार गर्न जोड दिने, लामो समयदेखि राष्ट्र बैंकसँग मौज्दात रहेको पाँच सय र एक हजारको भारतीय नोटलाई सटही गर्ने सुविधा प्रदान गर्न अनुरोध गर्ने, नेपाल-भारतबीच टेलिफोन महसुलमा रहेको फरक दरलाई एकरुपता कायम गर्ने र शुल्क कटौतीमा जोड दिने, नेपाल-भारतबीच रहेको सांस्कृतिक सम्बन्धलाई मजबुत तुल्याउने र धार्मिक तथा सांस्कृतिक पर्यटनमा जोड दिने, बुद्ध सर्किटलगायत नेपालका विभिन्न धार्मिक पर्यटकीय क्षेत्रलाई भारतीय धार्मिक पर्यटनसँग जोड्न पहल गर्ने, सीमावर्ती क्षेत्रमा भारतीय पक्षले एकलौटी ढङ्गले बनाएको बाँधले नेपालको तराई क्षेत्रमा पारेको डुबानको असरबारे भारतीय पक्षको गम्भीर ध्यानाकर्षण गराउन पार्टीले आग्रह गरेको छ । रासस

# नागरिकता विधेयक प्रमाणीकरण स्वागतयोग्य



काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले नागरिकता विधेयक प्रमाणीकरण भएकामा स्वागत गरेको छ ।

लोसपाका अध्यक्ष महन्थ ठाकुरले बुधबार एक विज्ञप्ति जारी गर्दै विधेयक प्रमाणीकरणले नागरिकताविहीनकोपीडामामलहम लगाउने काम भएको उल्लेख गर्नुभएको छ । लोसपाले समग्रतामा समेत नागरिकतासम्बन्धी धेरै हदसम्म समस्याको समाधान गर्नेछ भन्दै यस प्रक्रियामा न्यासङ्गतरुपमा साथ सहयोग दिने सबैलाई हार्दिक धन्यवाद व्यक्त गरेको छ ।

लोसपा विगत देखिनै नागरिकता विहीनहरुलाई नागरिकता दिलाउनकालागि आन्दोलन गर्दै आएका थिए । मधेशमा लाखौं जनता नागरिकता विहीन रहेको अवस्थामा राष्ट्रपतिले देखाएको अभिभावकको भूमिकाले मधेशवादी सधै स्मरण राख्ने जनाएको छ ।

# सुनुवाइ समितिद्वारा प्रस्तावित प्रधानन्यायाधीशविरुद्ध उजुरी

**आह्वान**

काठमाण्डु । सङ्घीय संसद् को संसदीय सुनुवाइ समितिले प्रधानन्यायाधीशमा सिफारिस हुनुभएका कामुप्रधानन्यायाधीश हरिकृष्ण कार्कीविरुद्ध उजुरी आह्वान गरेको छ ।

समितिले बुधबार सूचना प्रकाशित गर्दै प्रधानन्यायाधीश पदमा नियुक्तिका लागि संवैधानिक परिषद्बाट सिफारिस हुनुभएका कार्कीविरुद्ध उजुरी आह्वान गरेको हो । समितिले कार्कीलाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाणसहित उजुरी दिन आग्रह गरेको छ । यही जेठ २६ गते कार्यालय समयभित्र इमेलबाट वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने समितिले जनाएको छ ।

सूचनादाताले आफ्नो नाम, थर, वतन र सम्पर्क नम्बर स्पष्टरूपमा खुलाउनुपर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने समितिद्वारा प्रकाशित सूचनामा उल्लेख छ । समितिको मङ्गलबार बसेको बैठकले कार्कीको सुनुवाइ प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो । बैठकले प्रस्तावित प्रधानन्यायाधीश कार्कीविरुद्ध उजुरी दिन आह्वान गर्ने निर्णय गरेको थियो ।

गत वैशाख २५ गते संवैधानिक परिषद्ले कार्कीलाई सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको थियो । प्रधानन्यायाधीश पद करिब १५ महिनादेखि रिक्त छ । रासस

# नागरिकता विधेयकप्रति एमालेको आलोचना



काठमाण्डु । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले निष्क्रिय अवस्थामा रहेको नागरिकतासम्बन्धी विधेयक संसदीय विधि र प्रक्रिया उल्लङ्घन गरी जारी गरिएको भनी आलोचना गरेको छ ।

एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले मन्त्रिपरिषद्को निर्णय र सिफारिसबाट अचानक विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएको भन्ने घटनाले पार्टीलाई स्तब्ध तुल्याएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, “कानुन आवश्यकता थियो, निष्कर्षमा पुऱ्याउन ढिलाई भएकै हो, जारी गर्ने विधि र प्रक्रिया भने मिलेन ।”

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक बुधबारै प्रमाणीकरण गर्नुभएको हो ।

“राष्ट्रपति कार्यालयमा निष्क्रियरूपमा थन्किएको विधेयक मन्त्रिपरिषद्ले निर्णय गर्नासाथ सक्रिय हुन्छ ?” प्रश्न गर्दै उपनेता नेम्वाङले भन्नुभयो, “विधेयकमा समेटिएर आएका कतिपय विषयप्रति पार्टी गम्भीर छ ।” गत २०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो । विधेयकलाई अलि समय लिएर विचार पुऱ्याएर टुङ्गोमा पुऱ्याउन पर्ने मत रहेको बताउँदै उहाँले भन्नुभयो, “यो गर्नुपर्ने काम थियो, तर संविधान, कानुन र संसदीय मूल्य मान्यताले नचिनेको बाटोबाट आयो ।”

उहाँले संविधानले जुन सदनमा त्यो उत्पत्ति भएको हो त्यही सदनको प्रमुखले प्रमाणित गरी राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस गर्नुपर्छ भनिएकामा त्यो प्रक्रियालाई बेवास्ता गरिएको आरोप पनि लगाउनुभयो । पार्टीकै पहलमा गैर नेपाली आवासीयलाई नागरिकता प्रदान गर्ने निर्णय गरेको स्मरण गराउदै पूर्वसभामुख नेम्वाङले त्यसलाई समेत समेटेर विधेयक समयमै बन्नु आवश्यक रहेको बताउनुभयो । रासस

# पूर्वमन्त्री कार्कीद्वारा ‘हाम्रो संस्कृति, हाम्रो सम्पदा’ तस्बिर प्रदर्शनीको अवलोकन

काठमाण्डु । पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री एवं (नेकपा माओवादी केन्द्र) का नेता सुरेन्द्रकुमार कार्कीले राष्ट्रिय समाचार समिति (रासस) केन्द्रीय कार्यालयमा प्रदर्शित ‘हाम्रो संस्कृतिः हाम्रो सम्पदा’ तस्बिर प्रदर्शनीको अवलोकन गर्नुभएको छ । गणतन्त्र दिवस, २०८० का सन्दर्भमा भद्रकालीस्थित रासस केन्द्रीय कार्यालयमा प्रदर्शित तस्बिर प्रदर्शनीको उहाँले बुधबार अवलोकन गर्नुभएको हो । तस्बिर अवलोकनपछि राससको काम प्रशंसनीय रहेको बताउनुहुँदै उहाँले यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । अवलोकन भ्रमणका क्रममा राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रदर्शनी आयोजना गरिएको सन्दर्भमा जानकारी गराउँदै नेता कार्कीलाई ‘रासस : हिजो र बुधबार’ पुस्तक प्रदान गर्नुभयो ।

सो अवसरमा महाप्रबन्धक सिद्धराज राई, नायब महाप्रबन्धक श्यामप्रसाद रिमाल, प्रमुख समाचारदाता उत्तम सिल्वाल, आलेख सेवा प्रमुख कृष्ण अधिकारी, प्रशासन प्रमुख शीतलप्रसाद महतो, लेखा प्रमुख रुद्रमणि अधिकारीलगायत राससका पदाधिकारी एवं सञ्चारकर्मीले उहाँलाई स्वागत गर्नुभएको थियो ।

राससबाट सम्प्रेषित मुलुकको धार्मिक, सामाजिक तथा सांस्कृतिक परिवेश झल्काउने ७७ वटा तस्बिर प्रदर्शनीमा राखिएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यही जेठ ११ गते एक समारोहबीच उद्घाटन गर्नुभएको प्रदर्शनी सर्वसाधारण सबैका लागि खुला छ । बिहान ७ देखि साँझ ७ बजेसम्म अवलोकन गर्न सकिने सो प्रदर्शनी बुधबारसम्म सञ्चालन हुनेछ ।

विशेष गरी कला, संस्कृतिको क्षेत्रमा केन्द्रित भई सञ्चालित सो प्रदर्शनीमा पूर्वराष्ट्रपति, मुलुकका लब्धप्रतिष्ठित व्यक्तित्वसहित चित्रकला, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा रुचि राख्ने, आमसञ्चारकर्मी र सर्वसाधारण सहभागी भइरहनुभएको छ ।

मङ्गलबार उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले ‘हाम्रो संस्कृतिः हाम्रो सम्पदा’ तस्बिर प्रदर्शनीको अवलोकन गर्नुभयो । रासस

# आरोही याङ्जी शेर्पालाई राष्ट्रपति पौडेलको बधाई



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलको तस्बिर पहिलो पटक सगरमाथाको चुचुरोमा पुऱ्याउने महिला आरोही याङ्जी शेर्पालाई राष्ट्रपति पौडेलले बधाई दिनुभएको छ । राष्ट्रपति भवन शीतल निवासमा आज भएको कार्यक्रममा उहाँले महिला आरोहीको साहस र आँटको प्रशंसा गर्नुभयो । उहाँले हिमाल आरोहणमा राष्ट्रको सम्मानका लागि नेपाली महिलाआरोहीहरूले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

हिमाल आरोही याङ्जी शेर्पाले आफूले ‘सरप्राइज’ दिनकै लागि राष्ट्रपति पौडेलको फोटो थाहै नदिई चुचुरोमा पुऱ्याउन पाउँदा खुसी लागेको भन्दै राष्ट्रपति पौडेलको तस्बिर सो अवसरमा हस्तान्तरण गर्नुभयो ।

सङ्खुवासभा मकालु गाउँपालिकाकी याङ्जीले पौडेल राष्ट्रपति हुनु अगावै नयाँ राष्ट्रपतिको तस्बिर सगरमाथाको चुचुरोमा पुऱ्याउने सङ्कल्प लिनुभएको थियो । अन्य साना कुनै पनि चुचुरो नचढी उहाँले एकै पटक सगरमाथाको सफल आरोहण गर्नुभएको हो ।

पायोनियर एड्भेन्चर ट्रेकका डाइरेक्टर तथा कीर्तिमानी आरोही मिङ्मा दोर्ची शेर्पाले आफ्नो कम्पनीबाट हिमाल आरोहण गर्ने महिलाको सङ्ख्या उल्लेख्य रहेको र प्रतिकूल मौसमका कारण पनि हिमाल अरोहण गराएको बताउनुभयो । कार्यक्रममा सङ्खुवासभाका सांसद दीपक खड्काले हिमाल आरोहणमा नेपाली महिलाको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले हिमाल आरोहणको क्षेत्र असुरक्षित भए पनि साहस र हिम्मतको सबैले कदर गर्नुपर्ने बताउनुभयो । रासस

## लेखा समिति

# आन्तरिक कार्यविधि मस्यौदा तयार पार्न उपसमिति गठन

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको आजको बैठकले समितिको बैठक सञ्चालनसम्बन्धी आन्तरिक कार्यविधिको मस्यौदा तयार पार्न एक उपसमिति गठन गर्ने निर्णय गरेको छ ।

सांसद राजेन्द्रकुमार केसी संयोजक तथा ऋषिकेष पोखरेल, रामकृष्ण यादव, डा अमरेशकुमार सिंह र हरि ढकाल सदस्य रहनुहुनेगरी कार्यविधि मस्यौदा निर्माण उपसमिति गठन गरिएको समितिका सचिव एकराम गिरीले जानकारी दिनुभयो ।

कार्यविधिको मस्यौदा तयार पारेर समितिको अर्को बैठकमा पेस गर्न भनिएको छ ।

समितिको बुधबारको बैठकमा बैठक सञ्चालन कार्यविधि तयार पार्ने, समिति सभापति चयन गर्ने र समितिमा विचाराधीन तथा फर्छ्यौंट हुन बाँकी रहेका उजुरीका विषयमा छलफल भएको थियो ।

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले देखाएका बेरुजु फर्छ्यौंट, आर्थिक सुशासन, सरकारी कोषको प्रभावकारी र मितव्ययी खर्च भए/नभएको जाँच पड्ताललगायतका महत्त्वपूर्ण क्षेत्राधिकार पाएको लेखा समितिको सभापति चयनमा ढिलाइ गर्न नहुने धारणा समिति सदस्यहरूले राख्नुभएको थियो ।

ज्येष्ठ सदस्यका रूपमा समितिको सभापतित्व गर्नुभएका सांसद अर्जुन नरसिंह केसीले सार्वजनिक लेखा समितिका काम कारबाहीमा कुनै आग्रह पूर्वाग्रह तथा पक्ष विपक्ष नहुने बताउनुभयो । त्यस्तै, समिति अविछिन्न उत्तराधिकारीवाला संस्थाका रूपमा रहने भएकाले नयाँ सदस्य नियुक्त हुनुभन्दा अघिका उजुरीबारे पनि छलफल र छानबिन गरिनुपर्ने उहाँले बताउनुभयो ।

समितिको वुधबारको बैठकमा २०७६ साल वैशाख ३ गतेयता दर्ता भएका एक सय २१ उजुरीमाथिको छलफल तथा छानबिन टुङ्गाउने विषयमा पनि छलफल भएको छ । समिति सचिव गिरीका अनुसार हालसम्म एक सय २१ उजुरी समितिमा दर्ता भएर विचाराधीन अवस्थामा रहेका छन् । त्यस्तै, नयाँ संसद् आएपछि गठन भएको लेखासमितिमा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको शेयर स्वामित्व विवादसम्बन्धी उजुरी परेको छ ।

समितिका सदस्यहरू राजन केसी, अमरेशकुमार सिंह, रामकृष्ण यादव, गोकुलप्रसाद बाँस्कोटा, रामकृष्ण यादव, योगेश भट्टराई, विक्रम पाण्डे, जनार्दन शर्मालगायतले समितिमा परेका सबै उजुरीलाई छलफल र छानबिन गर्नुभन्दा महत्त्वपूर्ण विषयमाथिका उजुरीलाई पहिले समितिमा ल्याइनुपर्ने धारणा राख्नुभयो । रासस

# पूर्वप्रम खनाल सहभागी कार्यक्रममा हुल दङ्गा गर्ने पक्राउ

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालसहितका कम्युनिष्ट नेता सहभागी ‘नागरिकता विधेयक र देशको सीमा रेखा’ सम्बन्धी साझा कार्यक्रममा हुल दङ्गा र नाराबाजी गर्ने नौ जनालाई प्रहरीले पक्राउ गरेको छ । मङ्गलबार अनामनगरस्थित सामाजिक विकास समाजको हलमा नेता खनाल, नेकपा क्रान्तिकारी (माओवादी) का सिपी गजुरेल र पूर्वगभर्नर डा दीपेन्द्र क्षेत्री सहभागी कार्यक्रममा हुल दङ्गा र नाराबाजी गर्ने नौ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो ।

उहाँका अनुसार पक्राउ पर्ने अन्यमा धादिङ सलाङ गाउँपालिका-४ घर भई काठमाडौँ बस्ने ३० वर्षीय सन्तोष राजावादी, बाँके कोहलपुर महानगरपालिका-१ का २८ वर्षीय सतिश राजावादी, रामेछाप सुनपाती-५ का २१ वर्षीय तारा राजावादी, सिन्धुली तिनपाटा-१० का २७ वर्षीय क्षितिज चौलागाई, पाल्पा रामपुर-५ का २० वर्षीय आकाशकुमार भट्ट, बारा निजगड-४ का २८ वर्षीय सुजन राजावादी, सोही ठाउँका २० वर्षीय अर्पण खड्का र २४ वर्षीय निश्चल राजावादी तथा रुपन्देही देवीनगर-१७ का ३१ वर्षीय रितेश केसी छन् । रासस

# प्रधानमन्त्री दाहालसँग सुरक्षा सल्लाहकार डोभालको भेट

नयाँदिल्ली । भारत भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग भारतीय प्रधानमन्त्रीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले शिष्टाचार भेटवार्ता गर्नुभएको छ । प्रधानमन्त्री दाहाललाई भेट्न डोभाल उहाँ बस्नुभएको होटल मौर्यमा पुग्नुभएको थियो । आज अपराह्न भएको सो भेटमा द्विपक्षीय हित र चासोका बारेमा कुराकानी भएको थियो ।



यसैबीच बुधबारनै प्रधानमन्त्री दाहालसँग भारतीय विदेश सचिव विनयमोहन क्वात्राले पनि भेटवार्ता गर्नुभएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री दाहाल चारदिने भारत भ्रमणका लागि बुधबारनै नयाँ दिल्ली आइपुग्नुभएको हो ।

# मोजाम्बिकका दुई तिहाइ नागरिकमा इन्टरनेटको पहुँच छैन : रिपोर्ट

**सिन्ह्वा**

मोजाम्बिक । मोजाम्बिकको कुल जनसङ्ख्याको दुई तिहाइ हिस्सा अर्थात् देशको दुई करोड २० लाखभन्दा बढी व्यक्ति इन्टरनेटको पहुँचमा नरहेको मोजाम्बिकको सञ्चारमाध्यम (एआईएम) ले बुधबार जनाएको छ।

मोजाम्बिकको सञ्चार नियामक प्राधिकरण (आईएनसीएम) र राष्ट्रिय तथ्याङ्क कार्यालयले गत साता मोजाम्बिकमा दूरसञ्चार सेवाका प्रयोगकर्ताबारे सार्वजनिक गरेको सर्वेक्षणको नतिजालाई प्रतिवेदनमा उल्लेख गरिएको छ।

सर्वेक्षणले मोजाम्बिकको कम क्रय शक्तिको कारण देशमा इन्टरनेट पहुँचको लागत सस्तो नभएको औंल्याएको छ । "मोजाम्बिकीहरूको जीवनयापनको लागत र क्रय शक्ति एसएडीसी (दक्षिणी अफ्रिकी विकास समुदाय) का अन्य सदस्यहरूको तुलनामा कम छ," एआईएमले सर्वेक्षणको नतिजा प्रस्तुत गर्दै आईएनसीएम निर्देशक समितिका कार्यकारी अध्यक्ष तुहा मोटेले भन्नुभयो।

मोटेले भन्नुभयो, "यो परिदृश्यले संस्थाले नियमनमा अधिक काम गर्नु पर्दछ र इन्टरनेट सेवाहरूको प्रयोगलाई प्रोत्साहित गर्न युवाहरूलाई अधिक रोजगारीको अवसर दिनुपर्ने सङ्केत गर्दछ।

सञ्चार प्रदायकहरूको लागि चुनौती सुलभ सेवाहरू प्रदान गर्नु भएको मोटेले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले आपूर्तिको समस्या समाधान गरेका छौं भन्ने हाम्रो विश्वास छ। अहिले हाम्रो सबैभन्दा ठूलो चिन्ता भनेको मागको सम्बोधन गर्नु हो।"

उहाँले भन्नुभयो, "हामीले दूरसञ्चार नेटवर्कमा चल्ने सेवाहरूको प्रभावकारी प्रयोग बढाउन उपकरणहरू पहुँचयोग्य हुने र सञ्चार सेवाहरूको लागत पनि पहुँचयोग्य हुने वातावरण सिर्जना गर्नुपर्दछ।"

एआईएमको रिपोर्ट अनुसार सबैभन्दा बढी प्रयोग गरिएको इन्टरनेट अपरेटर मोभिटेल हो, जसको पहुँचमा अनुमानित ५६.८ प्रतिशत प्रयोगकर्ताहरू छन् र यसको बहुमत प्रयोगकर्ता मध्य र उत्तरी क्षेत्रका ग्रामीण क्षेत्रमा छन्। सेवाका लागि दक्षिण अफ्रिकी मोबाइल सञ्चार कम्पनी भोडाकम दोस्रो स्थानमा रहेको छ।

# विश्वकप छनोटको तयारीका लागि नेपालले दक्षिण अफ्रिकामा ४ अभ्यास खेल खेल्ने

**टुडे समाचारदाता**



काठमाण्डु । जिम्बावेमा आगामी महिना हुने आइसिसी क्रिकेट विश्वकप छनोट प्रतियोगिताको तयारी गर्न नेपाली टिम मंगलबार राति दक्षिण अफ्रिका प्रस्थान गरेको छ।

नेपाली टिमले दक्षिण अफ्रिकामा दश दिन अभ्यास गर्ने कार्यक्रम छ। त्यहाँ नेपालले नेदरल्यान्ड्स र स्कटल्यान्ड तथा स्थानीय टिम गरी चार अभ्यास खेल खेल्ने नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ।

नेपाली टिम प्रशिक्षक मोन्टी देसाई र स्पिनर सन्दीप लामिछानेबिना दक्षिण अफ्रिका गएको छ। अमेरिकामा रहेको बेला देसाइले उतैबाट भिसा प्रक्रिया अघि बढाएका थिए। तर उताबाट भिसा नपाएपछि उनी भारत फर्किएर भिसा प्रक्रिया अघि बढाएका छन्। देसाई भिसा लागे लगत्तै दक्षिण अफ्रिका जानेछन्।

घोषणा गरिएको १६ सदस्यीय टिममा रहेका सन्दीप भने अदालती प्रक्रियाका कारण दक्षिण अफ्रिका नगएका हुन्। नाबालिक बलात्कारको अभियोग लागेका सन्दीप अदालतको पेशीका कारण दक्षिण अफ्रिका नगएको क्यानको भनाइ छ। अर्को हप्ता हुने पेशीबाट फैसला आएको अवस्थामा उनी जाने/नजाने टुंगो लाग्नेछ।

नेपाली टिम प्रतियोगिता सुरु हुनुभन्दा एक साताअघि दक्षिण अफ्रिकाबाटै जिम्बावे पुग्नेछ। जिम्बावे पुगेपछि नेपालले ओमान र युएईसँग वार्मअप खेल खेल्नेछ।

१० टिमले भाग लिने प्रतियोगितामा नेपाल समूह 'ए' मा छ। समूहमा नेपालसहित, दुई पटकको विश्व विजेता वेस्ट इन्डिज, आयोजक जिम्बावे, नेदरल्यान्ड्स र अमेरिका छन्।

समूह 'बी' मा श्रीलंका, आयरल्यान्ड, स्कटल्यान्ड, ओमान र युएई रहेका छन्।

नेपालले आफ्नो पहिलो खेल १८ जुनमा (असार ३) आयोजक जिम्बावेसँग खेल्नेछ। यस्तै नेपालले २० जुनमा (असार ५) अमेरिका, २२ जुनमा वेस्ट इन्डिज (असार ७) र २४ जुनमा (असार ९) नेदरल्यान्ड्ससँग खेल्नेछ।

पाँच-पाँच टिमको दुई समूहका लिग खेलपछि सुपर सिक्स हुनेछ। सुपर सिक्समा दुवै समूहका शीर्ष तीन-तीन टिम पुग्नेछन्।

सुपर सिक्समा एक समूहका तीन टिमले अर्को समूहका तीन टिमसँग खेल्नेछन्। जहाँ शीर्ष दुईमा पर्न सक्ने टिम आगामी अक्टोबर-नोभेम्बरमा भारतमा हुने आइसिसी विश्वकप क्रिकेटमा छनोट हुनेछन्।

**विश्वकप छनोटका लागि नेपाली टिम**

कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, रोहित पौडेल (कप्तान), कुशल मल्ल, आरिफ शेख, दिपेन्द्रसिंह ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, ललित राजवंशी, प्रतिश जिसी, अर्जुन साउद, किशोर महतो।

**खेल तालिका**

| मिति | खेल | स्थान |
|---|---|---|
| आइतबार, १८ जुन | जिम्बाब्वे विरुद्ध नेपाल | हरारे स्पोर्ट्स क्लब |
| | वेस्ट इन्डिज विरुद्ध अमेरिका | ताकासिंगा क्रिकेट क्लब |
| सोमबार, १९ जुन | श्रीलंका विरुद्ध युएई | क्वीन्स स्पोर्ट्स क्लब |
| | आयरल्याण्ड विरुद्ध ओमान | बुलावायो एथलेटिक क्लब |
| मंगलबार, २० जुन | जिम्बाब्वे विरुद्ध नेदरल्याण्ड्स | हरारे स्पोर्ट्स क्लब |
| | नेपाल विरुद्ध अमेरिका | ताकासिंगा क्रिकेट क्लब |
| बुधबार, २१ जुन | आयरल्याण्ड विरुद्ध स्कटल्याण्ड | क्वीन्स स्पोर्ट्स क्लब |
| | ओमान विरुद्ध युएई | बुलावायो एथलेटिक क्लब |
| बिहीबार, २२ जुन | वेस्ट इन्डिज विरुद्ध नेपाल | हरारे स्पोर्ट्स क्लब |
| | नेदरल्याण्ड्स विरुद्ध अमेरिका | ताकासिंगा क्रिकेट क्लब |
| शुक्रबार, २३ जुन | श्रीलंका विरुद्ध ओमान | क्वीन्स स्पोर्ट्स क्लब |
| | स्कटल्याण्ड विरुद्ध युएई | बुलावायो एथलेटिक क्लब |
| शनिबार, २४ जुन | जिम्बाब्वे विरुद्ध वेस्ट इन्डिज | हरारे स्पोर्ट्स क्लब |
| | नेदरल्याण्ड्स विरुद्ध नेपाल | ताकासिङ्गा क्रिकेट क्लब |
| आइतबार, २५ जुन | श्रीलंका विरुद्ध आयरल्याण्ड | क्वीन्स स्पोर्ट्स क्लब |
| | स्कटल्याण्ड विरुद्ध ओमान | बुलावायो एथलेटिक क्लब |
| सोमबार, २६ जुन | जिम्बाब्वे विरुद्ध अमेरिका | हरारे स्पोर्ट्स क्लब |
| | वेस्ट इन्डिज विरुद्ध नेदरल्याण्ड्स | ताकासिंगा क्रिकेट क्लब |
| मंगलबार, २७ जुन | श्रीलंका विरुद्ध स्कटल्याण्ड | क्वीन्स स्पोर्ट्स क्लब |
| | आयरल्याण्ड विरुद्ध युएई | बुलावायो एथलेटिक क्लब |

# अमेरिकी नेतृत्वको सामुद्रिक गठबन्धनबाट युएई बाहिरियो

**एएफपी**



अबुधाबी । संयुक्त अरब इमिरेट्स (युएई) विश्वव्यापी तेल व्यापारका लागि महत्वपूर्ण रहेको तनावपूर्ण खाडी जलमार्गको सुरक्षाको जिम्मा पाएको अमेरिकी नेतृत्वको सामुद्रिक गठबन्धनबाट पछि हटेको छ।

संयुक्त अरब इमिरेट्स (युएई) ले दुई महिनाअघि ३८ सदस्यीय संयुक्त सामुद्रिक सेनामा आफ्नो सहभागिता फिर्ता लिएको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

"सबै साझेदारहरूसँग प्रभावकारी सुरक्षा सहयोगको हाम्रो जारी मूल्याङ्कनको परिणामस्वरूप युएईले संयुक्त समुद्री बलमा आफ्नो सहभागिता फिर्ता लिएको थियो," युएईको राज्य सञ्चालित समाचार संस्था डब्ल्यूएएमद्वारा प्रकाशित विज्ञप्तिमा भनिएको छ।

सुरुमा १२ राष्ट्रहरूबीचको साझेदारीको रूपमा स्थापना गरिएको बहराइनमा मुख्यालय रहेको सीएमएफको स्थापना सन् २००१ मा भएको थियो । यो महत्वपूर्ण तर समस्याग्रस्त खाडीको पानीमा सक्रिय छ जहाँ हालैका महिनाहरूमा ट्याङ्करहरू जफत गरिएको छ र आक्रमण गरिएको छ। सीएमएफका एक प्रवक्ताले युएईको सहभागिता रोकेपनि साझेदार राष्ट्रका रुपमा रहेको बताउनुभएको छ।

"सीएमएफमा अझै पनि ३८ साझेदार राष्ट्र छन्, जसमध्ये युएई एक हो," कमान्डर टिमोथी हकिन्सले एएफपीसँग भन्नुभयो।

इरानले अप्रिलको अन्त्य र मे महिनाको सुरुमा एक हप्तामा दुबई र फुजैराह बन्दरगाहबीच यात्रा गरिरहेका दुई वटा ट्याङ्कर र एउटा खाली जहाज पनि रहेका थिए।

इरानमाथि सन् २०२२ को नोभेम्बरमा इजरायलको स्वामित्वमा रहेको ट्याङ्करमा ड्रोन आक्रमण गरेको आरोप लागेको थियो।

यसै महिनाको सुरुमा अमेरिकाले इरानको बढ्दो उत्पीडनको कारण विश्वको कम्तीमा एक तिहाइ समुद्री तेल बोक्ने खाडीमा थप बल पठाउन लागेको बताएको थियो।

अमेरिकी नौसेनाको पाँचौं टुकडीका सहकमान्डर एडमिरल ब्राड कूपरपछि बेलायती र फ्रान्सेली नौसैनिक कमान्डरका साथ गाइडेड मिसाइल विध्वंसकमा 'स्ट्रेट अफ होर्मुज' हुँदै गएका थिए।

जवाफमा इरानले छिमेकी देशसँगको सहकार्यमा खाडीको जलक्षेत्रको सुरक्षा सुनिश्चित गर्न सक्षम रहेको बताएको छ।

युएई आफ्नो समुद्रमा जहाज आवागमन नियन्त्रण र निगरानी सुनिश्चित गर्न जिम्मेवारीपूर्वक प्रतिबद्ध छ," युएईको विज्ञप्तिमा भनिएको छ । प्रमुख तेल निर्यातकर्तामध्ये एक युएई 'शान्तिपूर्ण वार्ता र कूटनीतिक संलग्नताको लागि प्रतिबद्ध' रहेको विज्ञप्तिमा उल्लेख छ।

# एशियाली खेलकुदमा नेपालको तर्फबाट ८ कराते खेलाडी

**टुडे समाचारदाता**

काठमाण्डु । चीनको होङझाउमा हुने १९ औं एसियाली खेलकुदका लागि करातेको अन्तिम खेलाडी छनोट सम्पन्न भएको छ। पुरुष/महिलामा समान ४/४ गरी ८ खेलाडी छनोट भएका छन्। यी खेलाडीहरूले आगामी सेप्टेम्बर २३ देखि चीनमा हुने एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्नेछन्।

**छनोट भएका खेलाडीहरू**

**महिला**

आरिका गुरुङ (६७ केजीमाथि)
निरुपा तामाङ (६१ केजीमुनि)
सविना श्रेष्ठ ( ५५ केजीमुनि)
एलिशा रास्कोटी (एकल काता)

**पुरुष:**

सन्तोष श्रेष्ठ (६० केजीमुनि)
मोहम्मद शेख आलाम (६७ केजीमुनि)
विप्लव श्रेष्ठ (८४ केजीमाथि)
स्वर्णिम मानन्धर (एकल काता)




# क्यान केन्द्रीय सदस्य अन्सारीले मागे अध्यक्षसँग ६ विषयमा लिखित जवाफ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय सदस्य मोहमद दाउद अन्सारीले अध्यक्ष चतुरबहादुर चन्दसँग ६ विषयमा लिखित जवाफ माग गरेका छन्।

जेठ १२ गते क्यानमा दर्ता गराइएको पत्रमा उनले सत्य तथ्य बुझ्नका लागि सहयोग हुने गरी लिखित जवाफ माग गरेका हुन्।

उनले मुलपानी मैदानको स्तरोन्नतीको आय ब्यय, होटल यल्लो प्यागोडाको बिल भुक्तानी, लेभिन स्पोर्ट्सको बक्यौता रकम, एसिसी प्रिमियर कपको भुक्तानी, नेपाल टी-२० लिगमा सेभेन थ्री स्टोर्ट्ससँगको भुक्तानी तथा कानुनी कारबाही र कार्यवहाक सचिवको सम्बन्धमा लिखित जवाफ माग गरेका हुन्।

'मुलपानीको क्रिकेट मैदानको स्तरोन्नती कार्य अति आवश्यक रहेकोमा उक्त कार्य सन्तोषजनक रुपमा सम्पन्न गर्न पहल गर्नु भएका नेतृत्व तथा सहयोगी साथीलाई धन्यवाद दिँदै उक्त स्तरोन्नती कार्यको विस्तृत आय व्यय विवरण माग गर्दछु,' उनले अध्यक्षलाई लेखेको पत्रमा भनिएको छ।

यस्तै नेपाल क्रिकेट संघले यल्लो प्यागोडा होटलमा विभिन्न कार्यक्रम गर्दै आएकोमा आर्थिक वर्ष २०७९/०८० मा भुक्तान गरिएको बिल शीर्षक सहित उपलब्ध गराउन उनले माग गरेका छन्।

अप्रिल-मे २०२२ मा मलेसिया, पपुवा न्युगिनी तथा नेपालबीच सम्पन्न त्रिदेशीय सिरिज तथा जिम्बावे र नेपालबीचको सिरिज खेल आयोजनाको अधिकार लेभिन स्पोर्ट्सले पाएकोमा उक्त प्रतियोगिता गरेबापत लेभिन स्पोर्ट्सले क्यानलाई दिनुपर्ने रकमको विषयमा पनि उनले प्रश्न गरेका छन्।

# दश करोड सत्तरी लाख वर्ष पुराना हड्डी भेटिए

**सिन्ह्वा**

सिड्नी । अष्ट्रेलियामा दश करोड सत्तरी लाख वर्ष पुरानो जीवाश्म हड्डी भेटिएको छ। सन् १९८० को दशकमा भिक्टोरिया राज्यमा भेटिएका दुई वटा जीवाश्म हड्डीको परीक्षण गरेका वैज्ञानिकहरूले आफ्नो अनुसन्धानको निष्कर्ष सुनाउँदै उक्त जानकारी दिएका हुन्।

असीको दशकमा भेटिएका ती जीवाश्म हड्डी आकाशमा उड्ने विशाल सरीसृपको भएको र तिनको उत्पत्ति दश करोड सत्तरी लाख वर्षअघि भएको बताएका छन् । हिस्टोरिकल बायोलोजी जर्नलमा मङ्गलबार प्रकाशित एक अध्ययनअनुसार कर्टिन युनिभर्सिटी अस्ट्रेलियन एज अफ डाइनोसर म्युजियम अफ नेचुरल हिस्ट्री, मोनाश युनिभर्सिटी र म्युजियम्स भिक्टोरिया रिसर्च इन्स्टिच्युटका अन्वेषकहरूले भिक्टोरियमा भेटिएका जीवाश्म टेरोसरको भएको पुष्टि गरेका छन्।

"यी हड्डीहरूको विश्लेषण गरेर, हामी लगभग दश करोड सत्तरी लाख वर्ष पपहिले भिक्टोरियाको जङ्गलमा बसोबास गर्ने टेरोसरको अस्तित्वको पुष्टि गर्न सक्षम भएका छौं," पेन्टल्याण्डले जर्नलमा उल्लेख गरेका छन्।

# काजाकिस्तान इजरायलमा धार्मिक सम्मेलन आयोजना गर्दै

**एएनआई**

तेलअविव । काजाकिस्तान गणतन्त्रले आगामी साता पवित्र भूमि तेल अविवमा धार्मिक सम्मेलन गर्ने घोषणा गरेको छ। मध्य एसियाली देशका साथै विश्वका विभिन्न मुलुकका परम्परागत धर्मका नेताले सम्मेलनमा भाग लिनेछन्।

काजाकिस्तानमा विगत दुई दशकदेखि प्रत्येक तीन वर्षमा आयोजना हुँदै आएको अन्तरधार्मिक मञ्चको सम्मेलन यसपटक इजरायलमा आयोजना गर्ने निर्णय भएको हो। सम्मेलनमा इजरायलका प्रमुख रब्बीहरू, इजरायलका मुसलमान, ड्रुज र बहाई समुदायका प्रतिनिधि, प्रमुख राजनीतिक र शैक्षिक अधिकार ीसहित धेरै धार्मिक नेताले भाग लिने अपेक्षा गरिएको छ।

इजरायल र साइप्रसका लागि काजाकिस्तानका राजदूत सतिबाल्डी बुर्साकोभका अनुसार काजाकस्तानको सिनेटका अध्यक्ष मौलेन असिमबाएभले सम्मेलनको प्रमुख वक्ताका रूपमा भागलिने तथा त्यसले विश्व शान्ति तथा वर्तमान चुनौतीको सामना गर्न एकताबद्ध हुन आह्वान गर्नेछ।

विश्वभरका धार्मिक नेताहरूको सामूहिक प्रयासबाट विभिन्न राष्ट्र र समुदायबीचको मनोमालिन्य अन्त्य गर्न तथा आपसी विश्वास, सहकार्य र साझेदारीलाई अगाडि बढाउन मद्दत पुग्ने विश्वास गरिएको छ।

सन् १९९२ मा सोभियत सङ्घको पतनपछि स्वतन्त्र भएको मध्य एसियाली देश काजाकिस्तानले इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको हो। सन् २०१६ मा प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले काजाकिस्तानको भ्रमण गर्नुभएको थियो । पूर्वसोभियत गणतन्त्रमा इजरायली प्रधानमन्त्रीको त्यो पहिलो भ्रमण थियो।

# उत्तरकोरियाको जासुसी उपग्रह प्रक्षेपण असफल

**सिन्ह्वा**

सोल । प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (डिपीआरके) को जासुसी उपग्रह प्रक्षेपण असफल भएको छ । पश्चिमी जलक्षेत्रमा खसेर दुर्घटनाग्रस्त भएको सरकारी समाचार समितिले कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले जनाएको छ।

उत्तर कोरियाको नेशनल एरोस्पेस डेभलपमेन्ट एडमिनिस्ट्रेशन (एनएडीए) ले आजको दुर्घटनाबाट पाठसिक्दै चाँडोभन्दा चाँडो अर्को उपग्रह प्रक्षेपण गर्ने बताएको छ। रकेट इञ्जिन प्रणाली र इन्धनका कारण दुर्घटना भएको प्रारम्भिक विवरणमा उल्लेख गरेको छ।

एरोस्पेस एजेन्सीले स्याटेलाइट प्रक्षेपणमा देखा परेका गम्भीर त्रुटिहरूको विस्तृत अध्ययन गर्ने, तिनलाई हटाउन तत्काल वैज्ञानिक र प्राविधिक उपायहरू गर्ने र विभिन्न भागको परीक्षण गरी जतिसक्दो चाँडो दोस्रो प्रक्षेपण गर्ने बताएको छ।

यसैबीच, फ्रान्सेली समाचार समिति एएफपीका अनुसार उत्तरकोरियाले अमेरिकी सैन्य गतिविधिलाई सूक्ष्म ढङ्गले निगरानी गर्न यही जेठ २८ भित्रमा आफ्नो जासुसी उपग्रह प्रक्षेपण गर्ने योजना सार्वजनिक गरेको थियो।

प्योङयाङको आजको असफल प्रक्षेपणले दक्षिण कोरियाको राजधानी सोलमा हल्लीखल्ली मच्चियोभने जापानमा दक्षिणमा ओकिनावाका बासिन्दालाई सतर्क रहन सुरक्षा चेतावनी जारी गरिएको थियो।

सोलमा अराजकता र अन्योल छायो जब मानिसहरू हवाई आक्रमणको साइरनको आवाजबाट ब्यूँझिए र उनीहरूलाई भाग्न तयारीमा जुटे । आपतकालीन सन्देश प्रवाह भएको २० मिनेट पछि मात्र त्यो त्रुटिवश प्रवाह भएको वास्तविकता बाहिर आयो । आजको अफवाहले सुरक्षा सतर्कता प्रणालीप्रतिको विश्वासमा गुमेको ३३ वर्षीया एक गृहिणीले बताएकी छन्।

"उत्तरकोरियाले दक्षिणकोरियामा सुरक्षा जोखिम बढाएको छ, यदि भविष्यमा सतर्कता चेतावनी जारी हुँदा त्यसलाई गम्भीरतापूर्वक लिइन्छ वा लिइदैन भन्ने प्रश्न खडा भएको छ,"उनले भनिन्।

# जासुसी उपग्रह प्रक्षेपणको निन्दा

**एएफपी**



टोकियो । प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (डिपीआरके) ले आज गरेको जासुसी उपग्रह प्रक्षेपणको जापान, दक्षिण कोरिया र अमेरिकाले निन्दा गरेका छन् । यद्यपि प्योङ्याङको परीक्षण दुर्घटनाका कारण असफल भएको छ।

जापानले उत्तर कोरियाको उपग्रह प्रक्षेपणको असफल प्रयासबाट संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूको गम्भीर उल्लङ्घन भएको उल्लेख गर्दै त्यसको निन्दा गरेको छ । "उत्तर कोरियाको उक्त कदमको जापान विरोध र निन्दा गर्दछ," जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले भनेका छन्। उत्तरकोरियाली अधिकारीहरूका अनुसार प्योङ्याङले टोकियोलाई प्रक्षेपणका सम्बन्धमा जानकारी दिएको थियो।

जापानका रक्षामन्त्री यासुकाजु हामादाले पत्रकारहरूमाझ भनेका छन्, "हामी यस प्रकारको प्रक्षेपणलाई सहन सक्दैनौं, चाहे त्यो उपग्रह होस् वा अन्य कुनै चिज, यसले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावलाई उल्लङ्घन गरेको छ।"

संयुक्त राज्य अमेरिकाले प्रक्षेपणको निन्दा गर्दै प्योङ्याङलाई तत्काल उत्तेजक कार्य बन्द गर्न आह्वान गरेको छ। राष्ट्रिय सुरक्षा प्रवक्ता एडम होजले प्योङ्याङ र वासिङ्टनबीचको कूटनीति संवाद बन्द नभएको उल्लेख गर्दै उनले आफू र आफ्ना सहयोगीलाई बचाउन अमेरिकाले सबै आवश्यक उपाय अवलम्बन गर्ने बताएका छन्।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरसले पनि कदमको निन्दा गर्दै प्योङ्याङको पछिल्लो प्रक्षेपणको निन्दा गर्नुभएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले सैन्य भूउपग्रहको विकासलाई आफ्नो देशको प्रतिरक्षाको प्रमुख अङ्गको भएको स्पष्ट गर्नुभएको छ । यसअघि उहाँका एक जना वरिष्ठ सैन्य अधिकारीले अमेरिका र दक्षिण कोरियाका विवेकहीन सैन्य गतिविधि निगरानी गर्न बाध्य भएर जासुसी उपग्रह प्रक्षेपण गर्नुपरेको बताएका थिए।



सिन्धुपाल्चोकको मेलम्चीका किसानले गरेको मकै खेती। *तस्बिर : रासस*

# सरकारको अबको ध्यान बजेट कार्यान्वयनमा : अर्थमन्त्री डा महत



काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारको अबको ध्यान बजेट कार्यान्वयनमा केन्द्रित हुने जानकारी दिनुभएको छ। उहाँले भन्नुभयो,"पुँजीगत बजेट केही घटे पनि त्यसको कार्यान्वयनमा सधैँ समस्या छ र यसलाई समाधान गर्नका उच्च प्राथमिकता दिएको छु। "

नेपाल आर्थिक पत्रकार समाजले बुधबार यहाँ आयोजना गरेको बजेटपछिको छलफल कार्यक्रममा उहाँले

पुँजीगत खर्चलाई प्रभावकारी बनाउनका लागि बुँदागत रुपमै घोषणा गरेको र यसको कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो। पुँजीगत खर्चको कार्यान्वयन राम्रो भयो भने वैदेशिक सहयोग पनि बढ्ने र यसले गर्दा स्रोतमा केही सहज हुने अर्थमन्त्री डा महतको भनाइ थियो।

उहाँले कर निर्धारणमा आफूले अर्थतन्त्र तथा निजी लगानीलाई केन्द्रमा राखेर गरेको जनाउँदै राजस्वका कुनै पनि दरको हेरफेर कुनै पनि स्वार्थ प्रेरित नभएको प्रस्ट पार्नुभयो। विद्युतीय गाडीमा भएको हेरफेरले उभोक्तालाई निरुत्साहित नगर्ने उहाँको भनाइ थियो।

त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा शिवराज अधिकारीले नेपाली अर्थतन्त्र पोलिसी ट्र्यापमा परेको बताउनुभयो। यो बजेट घाटाका कारणले गर्दा आन्तरिक ऋण बढ्दै जाने र यसले गर्दा फेरि मौद्रिक बजारमा असर गर्ने अधिकारीको भनाइ छ।

अहिले नै दुई सय ७१ अर्ब बजेट घाटा पुगिसकेको उल्लेख गर्दै उहाँले यसको असर आन्तरिक ऋणमा देखिएको र जति धेरै घाटा बढ्छ त्यति ऋण विस्तार हुने उल्लेख गर्नुभयो।

पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले २०६३ सालपछिको शासकीय अभ्यासका कारणले गर्दा अर्थतन्त्र पोलिसी ट्र्यापमा परेको र त्यसको असर अहिले झन् बढ्दै गएको उल्लेख गर्नुभयो। उत्पादनभन्दा पनि वितरणमुखी कार्यक्रममा प्रतिस्पर्धा भएकाले यस्तो अवस्था आएको उहाँको भनाइ थियो।

ऋण लिनका लागि ऋण लिनुपर्ने, विकास निर्माणका लागि बजेट घटाउँदै जानुपर्ने, साधारण खर्चको दायित्व बढ्दै जाने अवस्था अहिले रहेको र सुधार जतिसुकै भने पनि आगामी वर्षको बजेट यही अवधारणामा आएको उहाँको टिप्पणी थियो। रासस

# नेप्सेमा ३८ दशमलव ८३ अङ्कको गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३८ दशमलव ८३ अङ्कको गिरावट देखिएको छ।

बुधबार नेप्से परिसूचक दुई दशमलव ०६ प्रतिशतले घटेर एक हजार आठ सय ४९ दशमलव ७९ अङ्कमा कायम भएको हो । आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएपछि लगातार दोस्रो दिन बुधबार पनि नेप्सेमा उच्च अङ्कको गिरावट देखिएको हो।

बुधबार दुई सय ६२ वटा कम्पनीको ८७ लाख ३६ हजार एक सय २८ कित्ता शेयर ३६ हजार आठ सय ९३ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ३१ करोड ५१ लाख ६९ हजार पाँच सय ७१ बराबरको कारोबार भएको छ।

नेप्सेका सबै सूचकहरू रातो देखिएका छन् । सेन्सेटिभ सूचक सात दशमलव २८, फ्लोट सूचक दुई दशमलव ५९ र सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव २० अङ्कले घटेको छ । सबै समूहका उपसूचक पनि घटेका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक दुई सय २८ दशमलव ८२ र निर्जीवन बीमा समूहको उपसूचक दुई सय २२ दशमलव ३४ अङ्कले घटेको छ।

बैंकिङ समूह १८ दशमलव ६७, विकास बैंक समूह ७० दशमलव १७, वित्त समूह ३४, होटल तथा पर्यटन समूह एक सय २५ दशमलव ७१ र जलविद्युत् समूह ६१ दशमलव ८० अङ्कले घटेको छ।

त्यसैगरी, लगानी समूह एक दशमलव ४८, उत्पादन तथा प्रशोधन एक सय ७२ दशमलव ९६, लघुवित्त ६३ दशमलव ०२, म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार ३५ दशमलव ७३ र अन्य समूह २० दशमलव २० अङ्कले घटेको छ। आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा बुधबार सकारात्मक सर्किट लागेको छ भने युनिलिभर नेपाल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र शेयर सङ्ख्याका आधारमा बुधबार सबैभन्दा धेरै प्रभु बैंक लिमिटेड प्रमोटर शेयर रु ३४ करोड २८ लाख १६ हजार एक सय २९ बराबरको २७ लाख ८७ हजार एक सय २३ कित्ता शेयर किनबेच भएको छ। रासस

# विश्व बैंकद्वारा नेपाललाई ऋण र अनुदान सहयोग

काठमाण्डु । नेपाल सरकार र विश्व बैंकबीच रू १५ अर्ब ८४ करोड (अमेरिकी डलर १२ करोड) बराबर सहुलियतपूर्ण ऋण र रू दुई अर्ब ६० करोड (अमेरिकी डलर एक करोड ९७ लाख) बराबर अनुदान प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

बुधबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच अर्थसचिव अर्जुनप्रसाद पोखरेल र विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको हो।




विश्व बैंकअन्तर्गतको इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन (आइडिए) ले 'ग्लोबल पार्टनरशिप फर एजुकेसन' कार्यक्रममार्फत नेपालका सरकारी विद्यालयको पाठ्यक्रम विकास, पूर्वाधार निर्माण र सिकाइ गुणस्तर सुधारका लागि यस्तो ऋण र अनुदान दिएको हो। नेपालमा लागू भइरहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (स्कुल सेक्टर ट्रान्सफरमेसन प्रोग्राम) मार्फत यो रकम खर्च हुनेछ।

प्रारम्भिक तहका कक्षामा राष्ट्रिय रूपमा एकीकृत पाठ्यक्रम निर्माणका लागि यस्तो रकम खर्च हुनेछ । त्यस्तै, कोभिड-१९ महामारी र विभिन्न प्राकृतिक विपद्का कारण असर परेको शिक्षण सिकाइलाई पुनरुत्थान गर्ने, सहज र सिकाइमैत्री कक्षाकोठा तथा पाठ्यक्रम निर्माण, शौचालय, सिकाइमा डिजिटल प्रविधिको प्रयोगलगायत क्षेत्रमा उक्त रकम खर्च हुने जनाइएको छ।

कार्यक्रममा अर्थसचिव पोखरेल यस कार्यक्रमको सफल कार्यान्वयनबाट विद्यालय शिक्षामा विद्यार्थीको पहुँच बढ्ने र सिकाइमा गुणस्तर कायम हुने अपेक्षा गरिएको बताउनुभयो। "मानव पुँजी विकासका लागि शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षाका लागि यस कार्यक्रमले प्रभावकारी भूमिका खेल्नेछ", उहाँले भन्नुभयो।

त्यस्तै, विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले विद्यालय क्षेत्र सुधार कार्यक्रमले हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) अवधारणा कार्यान्वयनमा बल पुग्ने बताउनुभयो । "पहुँचयोग्य र गुणस्तरीय शिक्षाका लागि गरिने लगानीले नेपालले अपनाएको ग्रिड अवधारणा कार्यान्वयनमा पनि सघाउ पुऱ्याउनेछ भन्ने अपेक्षा छ", उहाँले भन्नुभयो। रासस

## बजेटले होटल क्षेत्रको समस्या समाधानमा अपेक्षाकृत योगदान दिन सकेन-होटल संघ

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारको आर्थिक वर्ष २०८०/८१ को घोषित बजेटले समस्याग्रस्त होटल क्षेत्रको समस्या समाधानमा अपेक्षाकृत योगदान दिन नसकेको होटल संघ नेपालले जनाएको छ।

छिमेकी मुलुकको सिको गरी ल्याइएको विलासिता करले सञ्चालनमा आउने तयारीमा रहेका दर्जनौं अन्तर्राष्ट्रिय ब्रान्डका होटेलसहितका स्तरीय तारे होटलको सेवा महँगो हुने संघले बताएको छ।

लामो समयदेखि खर्च गर्न सक्ने पर्यटकको आगमन बढाउने प्रयास प्रभावित हुने भएकोले यो कर समय सापेक्ष नभएको हुँदा खारेजी गर्न माग गरेको छ।

पर्यटकीय सेवाको स्तरोन्नति गर्न र उपयोग हुने साना इलेक्ट्रिक सवारीसाधन लगायतका प्रावधानमा बढाइएको करले थप सेवा विस्तारमा सघाउ नपुऱ्याउने प्रष्ट छ।

पूर्ववर्ती सरकारले जाँदाजाँदै घोषणा गरेको पर्यटन दशकको सुरूवाती वर्ष २०२३ को ५ महिना व्यतित हुने अवस्थामा पुनः घोषित भएको छ।

सन् २०२३ मा नेपाली होटल क्षेत्रको कुल क्षमताको एक तिहाई १० लाख पर्यटक भित्र्याउने लक्ष्यले निजी क्षेत्रले गरेको ठूलो लगानी उत्पादनशील नहुने संघले विज्ञप्तिमार्फत बताएको छ।

संघका अनुसार हवाई यात्रामा पनि लगाइने मूल्य अभिवृद्धि करले स्वदेशी यात्रुभन्दा धैरै बढी डलर फेयर तिर्न पर्ने विदेशी पर्यटकहरू अझ बढी प्रभावित हुनेछ।

नेपाली होटल क्षेत्रको बढ्दै गएको विद्यमान क्षमता उपयोग गर्नमा विमानस्थल, राजमार्ग, राष्ट्रिय तथा अन्तर ाष्ट्रिय प्रवर्द्धन गर्न बजेटले व्यवसायीलाई उत्साहन दिन नसकेको संघका अध्यक्ष विनायक शाह बताउँछन्।

# भन्सार बढेपछि महँगियो सुन, दुई दिनमा बढ्यो तीन हजार ९ सय रूपैयाँ

**टुडे समाचारदाता**

काठमाण्डु। दुई दिनमै सुनको मूल्य तोलामा तीन हजार ९ सय रूपैयाँ बढेको छ। सरकारले सुनको भन्सार दर परिवर्तन गरेपछि तोलामै ४ हजार ९ सय ७२ रूपैयाँ बढी मूल्य तिनुपर्ने अवस्था आएको हो।

जेठ १५ गतेसम्म व्यवसायीले एक केजी सुन किन्दा भन्सार शुल्क ८ लाख ५० हजार रूपैयाँ तिर्ने गरेका थिए। बुधबार भने सोही परिमाण सुन किन्दा १२ लाख ७५ हजार रूपैयाँ तिरेका छन्। जेठ १५ गते अघिसम्म सरकारले सुनमा मूल्यको आधारमा नभई परिमाणको आधारमा भन्सार लगाउँदै आएको थियो।

सरकारले यसअघि प्रति १० ग्राम सुनमा ८ हजार ५ सय रूपैयाँ भन्सार दर तोकेको थियो। अब भने प्रति केजी सुनको मूल्य जति पर्छ त्यसको १५ प्रतिशत भन्सार दर लाग्ने व्यवस्था गरेको छ। मूल्य घट्दा भन्सारबापत तिर्नुपर्ने रकम पनि घट्छ भने मूल्य बढ्दा भन्सार बापत तिर्नुपर्ने रकम पनि बढ्छ।

सरकारले भन्सार दर बढाएका कारण सुनको मूल्य बढेको नेपाल सुन चाँदी व्यवसायी महासंघका संस्थापक अध्यक्ष मणिरत्न शाक्यले बताए।

'जेठ १५ सम्म हामीले प्रति केजी सुनमा ८ लाख ५० हजार रूपैयाँ भन्सार तिरिरहेका थियौं,' उनले भने, 'बुधबार भने प्रति किलो सुनको १२ लाख ७५ हजार रूपैयाँ तिरेका छौं।' जेठ १५ गतेसम्म प्रतितोला (११.६६ ग्राम) सुनमा ९ हजार ९ सय ४५ रूपैयाँ भन्सार लागेकोमा व्यवसायीहरूका



अनुसार अहिले १४ हजार ९ सय १७ रूपैयाँ तिर्नुपरेको छ।

यसरी सुनको मूल्य बढ्दा उपभोक्ताको खरिद गर्ने क्षमता घट्ने उनी बताउँछन्। 'सुनको मूल्य बढी भएपछि अधिकांशले सुन किन्न सक्दैनन्,' उनले भने, 'उपभोक्ताको माग घटेपछि हाम्रो व्यवसाय कसरी चल्छ?'

सुनको कारोबार घट्दा यसमा आश्रित कालिगढ पनि पलायन हुने अवस्था आउने उनको भनाइ छ। सरकारको यो व्यवस्थाले सुन बजारलाई नियन्त्रण गर्न खोजिएको महासंघका अध्यक्ष माणिकरत्न शाक्यले बताए।

'एकैपटक यति धैरै मूल्य बढाउनु भनेको बजार नियन्त्रण गर्न खोज्नु नै हो,' उनले भने। सरकारको यो व्यवस्थाले संविधानले दिएको सम्पत्तिको हकको हनन भएको उनको भनाइ छ।

सरकारको यो नीति विभेदकारी भएको समेत उनले दाबी गरे। 'विदेशबाट फर्कदा महिलाले ५० ग्रामसम्म सुन ल्याउँदा भन्सार लाग्दैन तर पुरूषले २५ ग्रामभन्दा बढी ल्यायो भने भन्सार लाग्छ,' उनले भने।

उनका अनुसार सरकारको यो व्यवस्थाले अन्य देशमा भन्दा यहाँ प्रतितोला सुन १५ हजारभन्दा बढीले महँगो पर्छ। त्यसले यहाँको बजार घट्न थाल्छ।

'अहिलेसम्म विदेशमा बस्ने नेपालीहरूले यहाँका गरगहना लैजाने गरेका थिए,' उनले भने, 'अब विदेशमै किन्छन्।' सरकारको यो निर्णयले अनौपचारिक क्षेत्र हाबी हुन गई सरकारी राजस्वमा समेत असर पर्ने उनले बताए।

सरकारले यो निर्णय नसच्याए व्यवसायी आन्दोलन गर्न बाध्य हुने उनको भनाइ छ। जेठ १५ गते (सोमबार) प्रतितोला सुनको मूल्य एक लाख ८ हजार रूपैयाँ थियो भने बुधबार एक लाख १२ हजार रूपैयाँ छ।


## Invitation for Bid

**Brahampuri Rural Municipality**
**Office of the Rural Muncipal Executive**
**Brahampuri, Sarlahi**
**Madhesh Province, Nepal**

**First date of publication : 2080/02/18**

1. The Brahampuri Rural Municipality, Office of Rural Municipal Executive, Sarlahi invites sealed bids from eligible bidders for the procurement of following works under National Competitive Bidding - single stage single envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of Brahampuri Rural Municipality, Brahampuri, Sarlahi.
3. A complete set of Bidding Documents may be puchased from the office Brahampuri Rural Municipality, Office of Rural Municipal Executive, Brahampuri, Sarlahi by eligible Bidders on the submission of a written upon payment of a non-refundable fee of Rs. 3000.00 till 2080/03/15 during office hours.
   Name of office : Brahampuri Rural Municipality, Brahampuri, Sarlahi
   Name of Bank : Nabil Bank Limited
   Account No. : 21701017500017
4. Sealed bids must be submitted to the office of Brahampuri Rural Municipal Executive, Brahampur, Sarlahi by hand on or before 12:00 hours on 2080/03/16 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2080/03/15 on 14:00 hours at office of Brahampuri Rural Municipality, Office of Rural Muncipal Executive, Brahampuri, Sarlahi. Bids must be valid for a period of 90 days from the bid opening and must be accompained by a bid security, amounting to a minimum of 3% of Bids, which shall be valid for 30 days beyond the validity period of the bid

| S. N. | Contract No. | Description of work | Estimated Amount (with VAT) | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) Non-Refundable |
|---|---|---|---|---|---|---|
| 1 | BRM/DP/ NCB/79/80/04 | वडा नं. १ देखि ७ सम्म कृषि विद्युतिकरणको लागि ट्रान्सफर्मर खरिद, ब्रहम्पुरी गा.पा. | 4212583.50 | 126377.505 | 120 | 3000 |

6. If the last date of purchasing and / or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject wholly or partially and or all bids without assigning any reason, what so over, regulation, 2064 and other prevailing rules and regulation of GON.

**Chief Administrative Officer**

# 'नागरिकताको समस्या सधैंका लागि अन्त्य हुनुपर्छ'




**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नै मुलुकमा नागरिकलाई नागरिकताका लागि लडिरहनु पर्ने अवस्था सधैका लागि अन्त्य हुने कुरा बताएका छन् ।

बुधबार सप्तरीको राजविराजमा नवनिर्मित नर्सिङ्ग कलेज भवनको उद्घाटनमा अध्यक्ष यादवले सो कुरा व्यक्त गरेका छन् ।

उनले नागरिकता विधेयक प्रमाणीकरण गरेका राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवादसमेत दिएका छन् । 'मुलुकबाट नागरिकता सम्बन्धी समस्या सधैका लागि हलहोस्, नागरिकता पाउनकै लागि समय समयमा आन्दोलन गर्नु दूरभाग्यपूर्ण हो' उनले भने, राष्ट्रपतिद्वारा भएको प्रमाणीकरणसंगै अब आफ्नै मुलुकमा गैर नागरिक बनेर बसिरहनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

उनले मधेशमा देखिएको नागरिकता सम्बन्धी समस्या समाधानका निम्ति विगतमा सडकदेखि सदनसम्म लामो संघर्ष गर्दा पहिलो चरणमा २२ लाख र दोस्रो चरणमा ९ लाख नागरिकलाई नागरिकता दिलाउन सफल भएको स्मरण गरेका थिए ।

यसअघि अघिल्लो कार्यकालमा सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित भएका अध्यक्ष यादवको संसदीय कोषको बजेटबाट निर्माण भएको नर्सिङ्ग भवनको उनले उद्घाटन गरेका थिए । कुल ६ करोड ९२ लाख रुपैयाँको लागतमा उक्त नसिंङ कलेज भवनको निर्माण भएको छ ।

गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा निर्माण भएको उक्त भवनमा आगामी वर्षदेखि नर्सिङ्गको कक्षा सञ्चालन गर्ने तयारी गरिएको बताइएको छ ।

## एमाले-लोसपाद्वारा आपत्ति

# संसदमा सरकार खोज्दै सत्तारुढ दल

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशसभामा सत्तारुढ दलकै सांसदहरुले सरकारलाई खोजी गरेका छन् ।

बुधबार प्रदेशसभा बैठकमा सरकारको प्रतिनिधित्व नभएको भन्दै सांसदहरुले आपत्ति जनाएका छन् । सो बैठकमा सरकारको कुनै पनि क्याबिनेट मन्त्रीको उपस्थिति थिएनन् । यद्यपि बैठकको अन्त्यतिर शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादव उपस्थित भएका थिए ।

सत्तारुढ दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)की सांसद रानी शर्मा तिवारी विशेष समयमा रोष्टमबाटै आपत्ति जनाइन् ।

संसदमा सरकारको मन्त्री उपस्थित नभएको उनको गुनासो थियो । 'अहिले नियामपत्ति गर्दा नि हुन्छ । यो सभा सञ्चालन भइरहेको छ । र, यहाँ सरकारको कुनै मन्त्री सहभागी छैनन्,'उनले भनिन्,'





कुन नियमले हामी यो सभा सञ्चालन गर्दै छौं ? के मन्त्री ज्यूहरु बजेट वितरणमा व्यस्त हुनुहुन्छ ?' सभा चलाउने फुर्सद छैन भने सभा सञ्चालनको कुनै औचित्य नभएको उनले जिकिर गरिन् ।

'सरकार कता हुनुहुन्छ ? कहाँ हराउनुभयो ? सरकारको उपस्थिति यहाँ किन भएन् ? सरकारको लागि सभा प्राथमिकतामा छैन भने हामी किन चलाउँदै छौं ?,'उनले आक्रोशपूर्ण शैलीमा भनिन्,'भागवण्डाको कारण यहाँ प्रदेशसभाको महत्वमाथि प्रश्न खडा भएको छ । यो खाली कुर्सीहरु देख्दा लाज लाग्दै छ । यहाँ सुन्ने र कराउने बाहेक अरु कुनै काम छैन् ।'

त्यसपछि उपभामुख बबिता राउत इसरले नेकपा (माओवादी केन्द्र)का सांसद रज्जी हैदरलाई बोल्न समय दिएको घोषणा गरिन् ।

सांसद शर्मा आफ्नो प्रस्थानतर्फ जाँदै थिइन् । तर उनलाई सरकारको नेतृत्व गरिरहेको जनमत समाजवादी पार्टी (जसपा)को सांसदले संसदमा बिना विभागीय मन्त्री संजय यादव भएको जानकारी गराएकी थिइन् ।

त्यसपछि लोसपा सांसद शर्माले पुनः टेबलमा सवाल जवाफमा उत्रिन् । सांसद शर्माले संजय यादव क्याबिनेट मन्त्री नभएको हुनाले सरकारको प्रतिनिधित्व संसदमा नभएको जिकिर गर्दै थिइन् ।

उपसभामुख बबिता राउतले रुलिङ गर्दै संजय यादव सरकारको मन्त्री भएको हुनाले सरकारको प्रतिनिधित्व भएको बताउँदै थिइन् ।

त्यसपछि नेकपा एमाले संसदीय दलका उपनेता दीपेन्द्र ठाकुर उभेर क्याबिनेट मन्त्रीलाई बोलाउन माग गरे ।

'अविलम्ब मन्त्री बोलाउनु पऱ्यो नभए हामी हाउस अवरुद्ध गर्छौं,'उनले चेतावनी शैलीमा भने । उनको यो घोषणापछि एमालेका सबै सांसद उठेर नियामपत्ति जनाए ।

त्यतिबेला सांसद र उपभसामुखबीच जुहारी नै चलेको थियो । उपसभामुख राउतले पटक पटक सरकारको प्रतिनिधित्व रहेको भन्दै सांसदलाई बस्न अनुरोध गरिन् ।

सांसदहरुको नियामपत्ति नमिलेको उपसभामुख राउतको दाबी छ । केही समयको सवाल जवाफ पछि उपसभामुख राउतले पुनः सांसदलाई आफ्नो विचार राख्न आग्रह गरिन् । त्यसपछि एमाले सांसदहरु सभा सञ्चालन हुन दिए ।

संसदमा बुधबार कुनै मन्त्री उपस्थित थिएनन् । संसदको अन्त्य तिर शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादव आएका थिए ।

उनले मुख्यमन्त्री सरोज कुमार यादवको तर्फबाट मधेश प्रदेशको केही ऐनलाई संशोधन गर्न बनेको विधेयक पेश गर्ने सम्बन्धी प्रस्ताव पेश गरेका थिए ।

प्रदेशको नामकरण नहुँदा बनेको विधेयक तथा ऐनहरुमा प्रदेश नम्बर २ लेखिएको छ । सोही सच्याउनको लागि संशोधन प्रस्ताव पेश गरिएको छ ।

उनको प्रस्ताव सर्वसहमतबाट स्वीकृत भएको सभामुख रामचन्द्र मण्डलले घोषणा गरेका थिए । बैठक बिहीबार दिउसो १ बजेसम्मको लागि स्थगित गरिएको छ ।

# 'चुरे उत्खनन गरेर बिक्री हुँदैनन्'

**टुडे समाचारदाता**

जनकपुरधाम । वन तथा वातावरण मन्त्री वीरेन्द्र महतोले चुरे उत्खनन गरेर बिक्री नहुने बताएका छन् । बुधबार जनकपुरधाम विमान स्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सो कुरा बताएका छन् ।



सरकारले बजेटमा चुरे उत्खननको कुरा नगरेको उनको कथन छ । 'बाढी आउँदा चुरेबाट नदीमा तल आएको बालुवा ढुगां हामीले प्रयोग गर्ने कुरा गरेका छौं,'उनले भने,'जुन बालुवा र ढुगां खोलामा जमेर जाम हुन्छ । र, बाढी आउँदा खेती योग्य जग्गा, जंगल र चुरेलाई नै विनाश गर्छ ।' चुरे नै उत्खनन् इण्डियालाई सरकारले बेच्न लागेको बुझाइ गलत रहेको उनले दाबी गरे ।

खोलामा जमेको वालुवा, गिट्टी देशमा पर्याप्त भएपछि बाहिर पठाउने कुरा रहेको उनले बताए ।

चरे संरक्षणमा यसपालि बजेट पनि कम रहेको छ भन्दै सबै जना मिलेर चुरे जोगाउनुपर्ने उनले बताए ।

'चुरेको वन र नदी संरक्षण प्रदेशको क्षेत्रअधिकार भित्र पर्दछ । संघले चुरे दोहन रोक्न जति काम गरे पनि प्रदेशले यदि साथ दिएन भने चुरे संरक्षण कहिले पनि गर्न सकिदैन',उनले भने,'चुरे संरक्षणका बारेमा मधेश प्रदेश सरकारसँग पनि छलफल गर्छौं । चुरे दोहन रोक्नका लागि हामी सशक्तरुपमा अघि बढ्छौं ।'

चुरेको क्षेत्रमा सञ्चालित अवैध क्रसर नियन्त्रणका लागि सरकारले ठोस निर्णय लिने उनले बताए ।

मापदण्ड विपरीतको दोहन नियन्त्रणका लागि पहल आवश्यक रहेको उनले बताए ।

नदी संरक्षण र त्यसको ठेक्का लगाउने अधिकार स्थानीय सरकारमा रहेको हुनाले यसलाई जोगाउने मुख्य दायित्य पनि स्थानीय सरकारलाई नै रहेको उनले बताए ।

'स्थानीय सरकार नै मनमौजी गरेर उत्खन्न गर्न दियो भने त्यसविरुद्ध केन्द्रीय सरकार सशक्तरुपमा काम गर्छ,'उनले भने ।

# बैंकका लुटेराहरुको खोजी तीव्र

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको महोत्तरी गाउँपालिका-२ स्थित एनएमबि बैंकमा भएको लुटपाटको घटनामा संलग्न व्यक्तिहरुको खोजी जारी रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

महोत्तरी गाउँपालिकास्थित एनएमबि बैंकको शाखा कार्यालयमा मंगलबार दिउँसो मास्क लगाएका चारजना युवाहरुले पेस्तोल देखाएर नगद लुटपाट गरेका थिए ।

लुटेराहरु मोटरसाइकल चढेर फरार भएका थिए । लगत्तै प्रहरीले सीसीटीभी फुटेज र प्रत्यक्षदर्शीहरुको बयानका आधारमा खोजी शुरु गरेको थियो ।

महोत्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रकाश मल्लले हुलियाको आधारमा लुटेरा समूहको खोजी जारी रहेको जानकारी दिए ।

मल्लले भने, 'शंकास्पद व्यक्तिहरुलाई स्क्रिनिङ जारी राखेका छौं, तर हालसम्म कोही पक्राउ परेका छैनन् ।'

उनले नेपाल-भारत सीमा नाकामा कडाइ गर्दै शंकास्पद व्यक्तिहरुसँग सोधपुछ र निगरानीको काम जारी रहेको बताए ।

'लुटपाटमा चार जनाको टोली छ । एक तलामाथि रहेको बैंकमा पुगेर, लोकल मेड हतियार देखाएर लुटपाट गरेको देखिन्छ,'मल्लले भने, 'थप अनुसन्धान भइरहेको छ ।' लुटेराको खोजीमा नेपाल प्रहरीलाई सशस्त्र प्रहरीले पनि सघाएको छ ।

सो समूहले यसअघि करीब ३५ लाख रुपैयाँ लुटपाट गरेको बैंकका कर्मचारीले अनुमान गरे पनि १५ लाख १ हजार ४९३ रूपैयाँ मात्र लुटिएको पुष्टि भएको एसपी मल्लले जानकारी दिए ।

## बौआ हनुमान मन्दिरको शिलान्यास

# मन्दिरले रामायण सर्किट अवधारणालाई टेवा पुऱ्याउने : मन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको रामानन्द चोकमा रहेको बौआ हनुमान मन्दिरको बुधबार एक कार्यक्रमका बीच उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले शिलान्यास गरेकी छन् ।



गिनिज बुकमा नाम रहेको बौआ हनुमान मन्दिर केही दिन यता जीर्ण बनेपछि त्यो मन्दिरको जीर्णोद्वार गरिन लागेको सुन्दर सदन मन्दिरका महन्थ नवलकिशोर शरणले जानकारी दिएका छन् ।

कुल साढे तीन करोडको लागतमा निर्माण हुन लागेको सो मन्दिरको शिलान्यासमा हनुमान आराधना गरिएको थियो ।

कार्यक्रममा मन्त्री यादवले बौआ मन्दिरको निर्माणले रामायण सर्किटको अवधारणालाई टेवा पुऱ्याउनुका साथै हनुमानको गाथालाई देश विदेशमा पुऱ्याउने विश्वास व्यक्त गरेकी थिइन् ।

उनले मठ मन्दिरको जीर्णोद्वार गरी पर्यटन प्रवर्द्धनमासमेत टेवा पुग्ने र प्रदेश सरकारको योजना पनि यस्तै रहेको बताइन् ।

बौआ हनुमान मन्दिरको थ्रिडि नक्सा डिजाइन सार्वजनिक समेत भइसकेको छ । सो मन्दिर निर्माणमा प्रदेश सरकारको तर्फबाट सक्ने सहयोग गर्ने प्रतिबद्धतसमेत मन्त्री यादवले व्यक्त गरिन् ।

सो अवसरमा सुन्दर सदनका महन्थ नवलकिशोरले मन्दिरको गर्भगृह तीन महिना भित्र निर्माण भइसक्ने जानकारी दिएका थिए ।

उनले बौआ हनुमान मन्दिर फेरि धार्मिक आस्थाको केन्द्र बन्ने विश्वाससोत व्यक्त गरेका थिए ।

# सदालाई विज्ञमा नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । उपराष्ट्रपति रामसहायप्रसाद यादवले चन्देश्वर सदालाई वातावरण तथा जलवायु परिवर्तन विज्ञ पदमा नियुक्त गरेका छन् ।

बुधबार उपराष्ट्रपतिको कार्यालयद्वारा जारी सूचनामा राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७४ को दफा १४ बमोजिम उपराष्ट्रपतिलाई परामर्श दिन सदालाई वातावरण तथा जलवायु विज्ञमा परिवर्तन विज्ञमा नियुक्त गरिएको जनाइएको छ ।

सूचनामा विज्ञ पदको पदीय जिम्मेवारी इमान्दारीपूर्वक वहनका लागि आग्रह गरिएको उल्लेख छ ।

# 'खेलकुदको विकासप्रति सरकार गम्भीर छ'




**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र प्रसाद सिंहले खेलकुदको विकासमा प्रदेश सरकार गम्भीर रहेको बताएका छन् ।

सप्तरीको अग्नीसाइर कृष्णसावन गाउँपालिकाद्वारा आयोजित अध्यक्ष कप फुटबल प्रतियोगिताको समापन समारोहमा उनले अन्य प्रदेशभन्दा मधेश प्रदेशका क्षमतावान खेलाडीहरुको संख्या उच्च रहेको भन्दै खेलाडीलाई प्रोत्साहन गर्न तथा उनीहरुको संरक्षण र प्रवर्द्धन गर्न प्रदेश सरकार गम्भीर रहेको बताए ।

खेलकुदको माध्यमले पनि विश्व रंगमंचमा देशलाई चिनाउन सकिने उल्लेख गर्दै मन्त्री सिंहले युवापुस्तालाई लागू औषध जस्ता कुलतबाट जोगाउन पनि खेलकुद महत्वपूर्ण माध्यम रहेको बताए ।

प्रदेशमा भर्खर खेलकुद सम्बन्धी ऐन पारित भएको बताउँदै मन्त्री सिंहले आफू यस अघि महिला बालबालिका युवा तथा खेलकुद मन्त्री हुँदा खेलमा उल्लेखनीय कार्य गरेको दाबी गरे ।

अग्नीसाइर कृष्णसावन गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरीको अध्यक्षतामा सम्पन्न प्रतियोगिताको समापन समारोहमा उत्कृष्ट खेल प्रदर्शन गर्ने टिम तथा खेलाडीहरुलाई शिल्डसहित पुरस्कार वितरण गरिएको थियो ।

# गौशालाको उपप्रमुखलाई धम्की

**टुडे समाचारदाता**

जनकपुरधाम । गौशाला नगरपालिकाकी उपप्रमुख रेणु कुमारी महतोले आफूलाई ज्यान मार्ने धम्की आएको बताएकी छन् ।



बुधबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी कानुन विपरीत काम नगर्दा बिचौलियाहरुले प्रत्यक्ष रुपमा ज्यान मार्ने धम्की दिएको उनले आरोप लगाएकी छन् ।

गौशाला नगरपालिका- २ निगौल स्थित निजी जग्गामा सार्वजनिक भवन बनाउन लागेको भन्दै उजुरी परेको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट न्यायिक समितिमा उक्त उजुरी आएको थियो ।

सोही छलफलको क्रममा निलम्बित प्रतिनिधिसभा सदस्य लक्ष्मी महतोको भाञ्जा सुरेन्द्र महतोले ज्यान मार्ने धम्की दिएको उपप्रमुख महतो आरोप लगाइन् ।

'मलाई नियोजित रुपमा मैरे कार्यकक्षमा ज्यान मार्ने तथा दुर्व्यवहारको प्रयास भएको छ । पूर्व योजना अनुसार वडाध्यक्ष र श्याम सुन्दर मण्डल र सुरेन्द्र महतोले ज्यान मार्ने प्रयास गऱ्यो,'उनले भनिन् ।

उनीहरुसँगै नगर प्रमुख डा.दीपेन्द्र महतोले कानुन विपरीत काम गर्न दबाब दिएको उनले बताइन् । 'उनीहरु नियम विपरीत काम गर्न दबाब दिने गरेको छ ।

उनीहरुको दबाबमा मैले काम नगरेपछि संघातिक आक्रमणमा उत्रिएको छ,'उनले भनिन् । गौशाला नगरपालिकाको वडा नं. २ निगौलमा निजी व्यक्तिको हकभोग रहेको जग्गामा नगरपालिकाबाट विनियोजित ३० लाख बजेटले सार्वजनिक भवन बनाउन लाग्दै छ । सो जग्गा जगदीश ठाकुर वहरीले भोग चलन गर्ने गरेका छन् भने उनको निजी जग्गा भएको बताइएको छ । उनीहरु माथि कारबाही हुनुपर्ने उनले माग गरिन् ।

'असुरक्षित महसुस गर्दैछु, मेरो घरबाट कतै निस्किए भने मेरो पछाडि मोटरसाइकल लगाएर पछाडि गर्छन् म कता जान्छु, के गर्छु सबैको निगरानी हुन्छ,'उनले भने,'त्यसको लागि मेयरले मान्छेनै खटाएको छ, यस्तो अवस्थामा म आफूलाई असुरक्षित महसुस गरिरहेको छु । त्यही भएर मलाइ मेरो सुरक्षाको प्रत्याभूति गराउन सबैपक्षसंग आग्रह गर्दछु ।'

## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं. ९८०१६२६०२१
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८